## बाँदरले कृषकलाई पुऱ्याएको हानि नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्थाको लागि



# सफल पैरवी यात्रा

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
National Farmars Group Federation, Nepal

## सहयात्रीहरु

- किसान
- कृषक समूह
- संचार जगत
- अधिवक्ता
- राष्ट्रिय कृषक समूह महासंघ, नेपाल जिल्ला कार्य समिति कास्की
- राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, राष्ट्रिय कार्यसमिति काठमाडौं


**राष्ट्रिय कृषक समूह महासंघ, नेपाल,**
**राष्ट्रिय सचिवालय,**
**पो. व. नं : ७०६४**
**इमेल** : *nfgfnepal@gmail.com*
**सम्पर्क नम्वर : ०१-४१०५०७९, ०१-४१०५०१८**
**वेब साईट** : *www.nfgf.org.np*

# हार्दिक आभार

देशको अर्थतन्त्रमा महत्वपुर्ण योगदान पुर्‍याउँदै आएको कृषि क्षेत्र तथा किसानको पसिना बगाएर लगाएको बाली नालीमा बाँदर एवं वनय जन्तुहरुले पुर्‍याएको क्षतिका कारण कृषकहरुको आफ्नो कृषि पेशा नै संकटमा पर्दै गएकोले खाद्य सुरक्षामा प्रत्यक्ष असर परेको विषयमा राष्ट्रिय कृषक समूह महासंघ, नेपालले स्थापना देखि नै सवालगत पैरवी गर्दै आएको छ ।

बाँदर नामैले काफी छ । यसले १० प्रतिशत बालीनाली खाएर नोक्सान गर्छ भने ९० प्रतिशत बालीनाली भाँचेर, झारेर, खौलेर, खोस्रेर नोक्सान गर्दछ । नेपाल जस्तो ४२,६८,००० हेक्टर (२९ प्रतिशत) वन जंगल र १५,६०,००० हेक्टर (१०.६० प्रतिशत) झाडीले ढाकेको भूभाग रहेको देशमा बाँदरका लागि प्राकृतिक खानेकुरा र बस्ने वातावरण नभएका कारण बाँदरहरु जंगलमा बस्न रुचाउन छोडेर गाउँ बस्ती र मानबहरुको आसपासमा बस्न रुचाएका कारण ग्रामीण बस्तीहरुमा बाँदर आतंक मच्चिएको छ । यसका फलस्वरुप गाउँका बस्ती खाली हुँदै जाँदा जमीन बाँझो बस्ने क्रम बढेर गएको छ । मानिसहरु बाँदर लगायतका वनय जन्तुहरुबाट असुरक्षित हुँदै गएका छन् । किसानहरु ठूलो रुपमा क्षति ब्यहोर्न बाध्यछन् ।

नेपालमा विभिन्न प्रजातिका वन्यजन्तुहरु रहेकोमा बाँदरका प्रजातीले किसानद्वारा लगाइएका कृषि वाली नोक्सान गरी सम्पूर्ण उत्पादक किसान र आश्रित परिवारलाई निरन्तर पीडा दिएकाले गाउँ गाउँबाट किसानहरु संगठीत हुँदै खाद्य सुरक्षाको खातिर बाँदरको नियन्त्रणको माग सहित पैरवी गर्न बाध्य भएका हौं ।

यस्तो खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता जस्तो अत्यन्तै महत्वपुर्ण र किसानको जनजिवीकाको विषयको उठान देखी हालको अवस्थासम्म ल्याउने अवस्था सृजना गर्नु हुने राष्ट्रिय कृषक समूह महासंघ, नेपाल जिल्ला कार्यसमिति कास्कीका तर्फबाट अख्तियार प्राप्त व्यक्ति कास्की जिल्ला पोखरा उपमहानगर पालिका वडा नं २४ का श्री ठाकुर प्रसाद सुवेदी र सिंगो जिल्ला कार्यसमिति उक्त मुद्दामा किसानको पक्षमा बहस गर्नु हुने विज्ञ अधिवक्ता श्री पदम बहादुर श्रेष्ठ र श्री विष्णु कुमार थोकर एवं संयुक्त इजलासबाट किसानको पीडामा मलम लगाई उत्पादक किसानलाई पेशा प्रति आकर्षण बढाउने निर्देशनात्मक आदेश दिने का. मु. प्रधान न्यायाधिश श्री दिपक राज जोशी र माननीय न्यायाधिश श्री शारदा प्रसाद घिमिरेज्यू प्रति आभार व्यक्त गर्दछु ।

साथै सम्मानित सर्बोच्च अदालतको निर्देशनको कार्यान्वयनमा सहयोग पुर्‍याउनु हुने सम्मानित सर्वोच्च अदालत फैसला कार्यान्वयन विभाग, वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग एवं सम्वन्धित निकायहरु एवं यस मुद्दामा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुर्‍याउनु हुने संचार माध्यम, पत्रकार, अभियन्ता, वकालत कर्ता, महासंघका तहगत संरचना तथा कर्मचारी, कृषक समूह एवं कृषक सम्पूर्णमा धन्यावाद सहित हार्दिक आभार व्यक्त गर्दछु ।

**नवराज बस्नेत**
अध्यक्ष
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

## कृतज्ञता

नेपालको विभिन्न भागमा बाँदरको संख्या बढ्दै गएको कारण नेपालको हरेक क्षेत्रको कृषीवालीमा बाँदरले क्षति पुऱ्याई रहेको अवस्थामा राष्ट्रिय कृषक समूह महासंघ नेपालले बाँदरवाट हुने बालीनाली क्षतिलाई राज्यबाट क्षति वापत राहत प्राप्त गर्नुको लागि वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिकामा २०६९ जारी भएको भएता पनि उक्त निर्देशिकामा बाँदरबाट भएको मानवीय क्षति र वाली नालीको क्षति वापत राहत दिने व्यवस्था नभएकोले सम्मानित सर्वोच्च अदालतमा महासंघ समेतको तर्फबाट मिति २०७३।६।९ गते रिट दर्ता गरी मिति २०७४।१२।१९ गते फैसला हुँदा वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानी नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्नको लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेतको नाउमा आदेश जारी भए पश्चात साविकको निर्देशिका खारेज गर्दै नयाँ वन्यजन्तुवाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० अनसुची-१ को १५ पछि १६ नं. थपगरी बाँदर समेत समावेश गरिएको छ ।

यसरी सम्मानित सर्वोच्च अदालतको मिति २०७४/१२/१९ गतेको फैसालाले दिएको निर्देशात्मक आदेश नै कृषकहरुलाई बाँदरबाट हुने क्षतिको राहत प्राप्त गर्ने विषयमा फैसला आफैमा स्वागत र कृषकको लागि कोसेढुङ्गा सावित भएको थियो भनी नेपाल सरकारले सर्वोच्च अदालतको फैसलालाई कार्यन्वयन गर्नकोलागि साविकको खारेज गरी नयाँ निर्देशिका वनाई बाँदर समेत थप गरी निर्माण गरी लागू गरेको वन्यजन्तुवाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०८० ले कृषकहरूको समस्यालाई मध्यनजर गरी अदालतको फैसलाको र कृषकको समस्या समाधान गरेकोमा फैसला र निर्देशिका कृषकहरूको लागि कोसेढुङ्गा सावित भएको छ ।

किसानको दैनिकी र खाद्य अधिकारसँग जोडिएको यस सवालको नीतिगत व्यवस्थाको लागि कानुनी बहसमा संलग्न हुने अवसरको लागि म महासघं प्रति कृतज्ञ छु ।


भवदीय

अधिवक्ता पदम बहादुर श्रेष्ठ

# सफल पैरवी यात्रा

**क. पैरवीको विषय:** बाँदरले कृषकलाई पुऱ्याएको हानि नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्था ।

**ख. तत्कालिन परिवेश:** पर्यावरण चक्रमा हरेक प्राणीको विशेष महत्व हुन्छ । नेपालमा विभिन्न प्रजातीका वनयजन्तुहरु रहेका छन् । उक्त वनयजन्तु मध्ये बाँदर प्रजातीले पहाड




साथै हिमालमा बसोबास गर्ने किसानद्वारा लगाईएको कृषि बालीलाई क्षतिको साथै किसान र कृषिमा आश्रित परिवारलाई निरन्तर पीडा दिएको थियो । साथै नीलगाईले तराई र भित्री मधेशका दुःख दिदै आएको थियो । बाँदर नियन्त्रण नभएको कारण वर्षेनी हजारौ मेटिक टन कृषि उपज, नगदेबाली, फलफूल नष्ट गर्दै आएको थियो, आज सम्म पनि उक्त समस्या रहेको छ । जसका कारण हजारौ हेक्टर जमीन बाँझो बस्न पुगेको छ । सोको व्यवस्थापनको लागि गाउँगाउँ देखि किसानहरु बाँदर नियन्त्रणको माग सहित सम्बन्धित निकायहरुमा सहयोग माग्न पुगे ।

देशको अर्थतन्त्रमा महत्वपुर्ण योगदान पुऱ्याउँदै आएको कृषि क्षेत्र तथा किसानको पसिना बगाएर लगाएको बाली नालीमा बाँदर एवं वनय जन्तुहरुले पुऱ्याएको क्षतिका कारण कृषकहरुको आफ्नो कृषि पेशा नै संकटमा पर्दै गएकोले खाद्य सुरक्षामा प्रत्यक्ष असर परेको विषयमा राष्ट्रिय कृषक समूह महासंघ, नेपालले स्थापना देखि नै सवालगत पैरवी गर्दै आएको छ । अन्य जंगली जनावरको क्षतिमा क्षतिपूर्तिको नीतिगत व्यवस्था भए पनि बाँदर र नीलगाईको हकमा उक्त व्यवस्था नहुंदा किसानहरुले अत्यन्तै कठिनाई भोग्दै

आएकाले नीतिगत व्यवस्था जरुरी थियो । यसको लागि पैरवी रणनीति वनाई महासंघको जिल्ला महासंघ कास्कीको अगुवाईमा मिति २०७१ असोज २६ देखि पैरवी शुरुवात गरीएको गरीयो । राज्य सुन्न तयार भएन । असम्भव कुरा गर्नुहुन्छ भनी उल्टै सम्झाउने र लल्कार्ने काम भयो । खाद्य सुरक्षाको लागि बाँदर नियन्त्रण नीति निर्माण र कार्यान्वयनको लागि सम्बन्धित निकायलाई बाध्य पार्नु महासंघको अगाडी निकै चुनौती थियो । उक्त चुनौतीलाई पूरा गर्न/ गराउन नीतिगत व्यवस्थाको माग सहित न्यायालयको साहरा लिई नीतिगत पैरवीको यात्रा तय गरीयो ।

**चरण १: जिल्ला कार्यसमितिको बैठक र योजना निर्माण :** बाँदरले कृषि बालीमा पुर्‍याएको क्षतिपूर्तिको व्यवस्थाको लागि मिति २०७१ असोज २० गते राष्ट्रिय कृषक समूह महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीको बैठक बसी सरोकारवाला निकायमा निवेदन दिने योजना वनयो ।

**चरण २ : तालुकढार कार्यालयमा मागपत्र पेश**

**क. जिल्ला तहका कार्यालयमा निवेदन :** राष्ट्रिय कृषक समूह महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीको अगुवाईमा जिल्ला स्थित सरोकारवालाको कार्यालयहरु जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय। जिल्ला प्रशासन कार्यालय, जिल्ला वन कार्यालय समक्ष मिति २०७१ असोज २६ गते बाँदर नियन्त्रणको लागि निबेदन मार्फत आग्रह गरीयो ।

**ख. सम्माननीय प्रधानमन्त्री कार्यालयमा निवेदन :** जिल्ला तहका कार्यालयमा पेश गरीएको निवेदन सुनवाई नभएपछि २०७२ साल चैत महिनामा खाद्य सुरक्षाको लागि बाँदर नियन्त्रण नीति निर्माण र कार्यान्वयनको माग सहित सम्माननीय प्रधानमन्त्री कार्यालयमा समेत निवेदन पेश गरीयो । सो निवेदन उपर केहि निर्णय भएन । किन निर्णय गर्न ढिलाई भयो भनी जानकारी लिन खोज्दा हालसम्म बाँदर नियन्त्रण गर्न नीतिगत निर्णय र कानुनी व्यवस्था नभएको भनी मौखिक जानकारी प्राप्त भयो ।

**चरण ३ समिक्षा बैठक :** जिल्ला तहका कार्यालयमा दिईएको निवेदन साथै प्रधानमन्त्रीको कार्यालयमा दिईएको निवेदन र सम्बन्धित कार्यालयहरुबाट प्राप्त जानकारीको समिक्षाको लागि राष्ट्रिय कृषक समूह महासंघ, नेपाल जिल्ला कार्यसमितिका पदाधिकारी एवं केन्द्रिय सदस्यहरुसमेतको संयुक्त बैठक बस्यो । राष्ट्रिय कार्य समिति समेतको सल्लाहमा न्यायालय मार्फत नीतिगत व्यवस्थाको लागि अगाडि बढ्ने निर्णय गरीयो ।

**चरण ४ सम्मानित सर्बोच्च अदालतमा रिट निवेदन ढायर :** बाँदर नियन्त्रण, क्षतिको क्षतिपूर्ति, खाद्य सुरक्षाको प्रत्याभूती एवं कृषक मैत्री कानून निर्माणको लागि सम्बन्धित सरोकारवाला निकायहरुसंग पटक-पटक गरीएको मागको सुनुवाई नभएपछि

प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, कृषि विकास मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला वन कार्यालय कास्की, जिल्ला कृषि विकास कार्यालय कास्की र पश्चिमाँञ्चल क्षेत्रिय प्रशासन कार्यालय पोखरा समेतलाई विपक्षी वनाई जिल्ला महासंघ कास्कीको अगुवाईमा २०७३ आश्विन ०९ गते सम्मानित सर्बोच्च अदालतमा रिट निवेदन दायर गरीयो । उक्त विषयलाई अदालतमा बहसको लागि राष्ट्रिय कार्यसमितिले सहजिकरण गर्दै आयो । महासंघको तर्फबाट विज्ञ अधिबक्ता पदम बहादुर श्रेष्ठ र विष्णु कुमार थोकरद्वारा विभिन्न समयमा भएको वहशमा सहभागी भई वहस गर्नुभयो ।

## नीतिगत व्यवस्थाको लागि सर्वोच्चको आदेश - नतिजा १ : किसानकोपक्षमा न्यायलय

**क.** बाँदरले बाली नोक्सान गरेको विषय मानिस र वातावरणबीचको सम्वनध र त्यस अन्तर्गत जंगली जीवजन्तुबाट किसानको बाली खाने र उनीहरुको जीवन र जीविकाउपर आक्रमण गरी खाद्य सुरक्षा र खाद्य संप्रभुतामा समेत प्रतिकुल असर पार्न सक्ने संबैधानिक हकको रुपमा यस विषयले प्रवेश पायो । संबैधानिक हकको विषय भएकोले एक महिना भित्र आवश्यक नीति र काननु बारे स्पष्ट दृष्टिकोण पेश गर्न महान्याधिवक्ताको कार्यालयलाई साथै वनयजन्तुबाट हुने आक्रमण र क्षतिको विषयमा के गर्न उपयुक्त हुन्छ भन्ने दृष्टिकोण सहितको प्रतिवेदन पेश गर्नको लागि तिन महिनाको समयवधि सहित कृषि विकास मन्त्रालय र वन तथा भूसंरक्षण मन्त्रालयको नाममा मिति २०७३ माघ २६ मा परमादेश जारी भयो ।

**ख.** सर्वोच्चको परमादेश पश्चात आ-आफ्नो धारणा र कानुनी प्रावधान बारे सम्बन्धित सरोकारवालासंस्थाहरुले आफ्नो राय पेश गर्ने कार्य भयो ।

**ग.** **अन्ततः** मिति २०७४ चैत्र १९ गते श्री सम्मानीत सर्बोच्च अदालतका कायम मुकायम प्रधान न्यायधिश दिपक राज जोशी र न्यायधिश शारदा प्रसाद घिमिरेज्यू को संयुक्त ईजलासबाट वन्य जन्तुबाट हुने क्षतिको राहत निर्देशिका २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानी नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्नका लागि प्रधानमन्त्रीको कार्यालय तथा मन्त्री परिषद्को कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय र कृषि विकास मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी भयो ।

**चरण ५ : सचिवालय समितिको समिक्षा बैठक :** सर्वोच्चको निर्देशात्मक आदेशको कार्यान्वयनको लागि पहलका लागि महासंघको सचिवालय बैठक बस्यो । २०७४ चैत्र २३

गते राष्ट्रिय कृषक समूह महासंघ, नेपालले सम्मानित सर्वोच्च अदालतद्वारा किसानको पक्षमा भएको फैसलाबाट सिंगो महासंघ परिवार र समग्र किसान हर्षित भएको र आदेशको कार्यान्वयनमा सहयोग पुऱ्याउन प्रेस विज्ञप्ती मार्फत आग्रह गऱ्यो । उत्पादक सीमान्त, साना किसानहरुको जीविकोपार्जन र खाद्य सुरक्षा जस्तो संबेदनशिल विषयका सवालमा महासंघको प्रयास एवं अभियान प्रति आशावादी भए ।

उक्त आदेश छिटो भन्दा छिटो कार्यन्वयन गराउन दवाव दिन राष्ट्रिय कृषक समूह महासंघ, नेपालले २०७६ भाद्र २४ गते बाँदरले कृषकलाई पुऱ्याएको हानी नोक्सानी बापत क्षतिपूर्ति मागको मुद्दा श्री सम्मानित सर्बोच अदालतको निर्देशनात्मक आदेश कार्यान्वयन कहिले ? विषयगत सवालगत छलफल कार्यक्रम पूर्व कृषि मन्त्री श्री हरि पराजुली ज्यु को प्रमुख आतिथ्यता र राष्ट्रिय कृषक समूह महासंघ, नेपालको अध्यक्ष श्री नवराज बस्नेतको अध्यक्षतामा सु-सम्पन्न भयो । सरोकारवालाहरु एवं संचारकर्मीहरुसंग बाँदर पिडीत किसानहरुलाई सर्वोच्चको न्याय सार्वजनिकीकरणका लागि संचार माध्यमसंगको साक्षात्कार कार्यक्रम संचालन गरी उक्त आदेशको कार्यान्वयनमा सहयोगको लागि अपिल गरीयो ।

## चरण ६ : फैसला कार्यान्वयन गराउन सर्बोच्च समक्ष निवेदन

२०७६ पौष २१ सम्मानीय सर्वोच्च अदालतको परमादेश तथा निर्देशनात्मक आदेश समेत विपक्षीहरुको नाममा जारी भएकोले यस कार्यालय मार्फत विपक्षी सम्वन्धीत पक्षहरुलाई बोलाई फैसला कार्यान्वयमा पहल गरी सर्वोच्च अदालतको गरीमालाई उच्चो कायम गरी पाउँ भनी सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयमा महासंघका तर्फबाट अध्यक्ष नवराज बस्नेतद्वारा निवेदन पेश गरीयो ।

## चरण ७ : निर्देशिका संशोधनको लागि वन तथा वातावरण मन्त्रलयसंग माग

२०७६ कात्तिक १४ श्री सम्मानीत सर्वोच्च अदालतबाट वनय जन्तुबाट हुने क्षतिको राहत निर्देशिका २०६९ को दफा २ र दफा ३ को खण्ड (छ) मा बाँदरले कृषकलाई पुऱ्याएको हानी नोक्सानी वापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्नका लागि तत्कालिन प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय जनसंख्या तथा बातावरण मन्त्रालय वन तथा भू-संरक्षण मन्त्रालय र कृषि विकास मन्त्रलयको नाममा निर्देशनात्मक आदेश जारी भएकोमा करिव २० महिना वितिसक्दा समेत यस आदेश कार्यान्वयन नभएको विषयमा महासंघले पटक पटक ध्यानाकर्षण एवं स्मरण गराएता पनि कुनै प्रकृया अगाडी नबढेको पाइएकोले उक्त आदेशको कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालयका सचिवज्यू मार्फत महासंघका तर्फबाट अध्यक्ष नवराज बस्नेतद्वारा अनुरोध पत्र पेश गरीयो ।

## चरण ८ : नियमित पैरवी, समन्वय, दवाव

पत्र पेश पश्चत महासंघले सरोकारवाला निकायलाई नियामित भेटघाट गर्ने, समन्वय गर्ने साथै आदेश कार्यान्वयनका लागि दबाब दिँदै आयो । फलस्वरुप २०७७ असोज १२ फैसला कार्यान्वयन निर्देशनालयको च.नं ४३८ र मिति २०७६/१०/२७ गतेको पत्रको छायाँ प्रति पाना नं १ र निवेदक ठाकुर प्रसाद सुवेदी विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय समेत भएको २०७३ - WO -०२५४ को परमादेश समेत मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७४/१२/१९ गतेको फैसलाको छायाप्रति १४ यस पत्र साथ संलग्न राखी फैसला कार्यान्वयन गर्ने प्रयोजनको त्यहाँ विभागमा पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ भनी नेपाल सरकार वन तथा वातावरण मन्त्रालय (कानुन तथा फैसला कार्यान्वयन शाखा) बाट श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग ववरमहल काठमाडौं नाममा आदेश जारी भयो ।

## निर्देशिका संशोधन - नतिजा २ : मागको सम्बोधन सहित वनयजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका २०८० जारी

२०८० असार २८ नेपाल सरकरा वन तथा वातावरण मन्त्रालयको मिति २०७७/०६/१२ को पत्र र महासंघको निरन्तर भेटघाट र दवाव पश्चात राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग ववरमहलबाट संशोधित वन्यजन्तुबाट भएको क्षतिको वितरण निर्देशिका २०८० मन्त्री परिषदबाट स्विकृत भएको छ ।

उक्त निर्देशिकाको अनुसुची १ मा वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणका क्षेत्र अन्तर्गत बाँदर र नीलगाई थप भएको गरी मानवीय क्षति र वाली क्षतिमा क्षतिपूर्ति राहत दिने व्यवस्था गरीएको छ । दफा ५ (राहत माग गर्ने) संग सम्बन्धित अनुसुची ३ मा वन्य जन्तुबाट भएको क्षतिको राहत माग गर्ने निवेदनको ढाँचामा डिभिजन वन कार्यालय मार्फत क्षतिको राहत दावी गर्ने व्यवस्था रहेको छ ।

**महासंघको अनुरोध:** महासंघले नीतिगत परिवर्तनको लागि थालेको पैरवीले सफलता प्राप्त गरेको छ । आम किसानको पीडालाई विषयवस्तु वनाएर न्यायलय मार्फत नीति संशोधनको लागि महासंघले थालेको अभियानले एक दशकमा पूर्णता पाएको छ ।
यो एउटा महत्वपूर्ण सफलता हो । यसको कार्यान्वयनको पक्ष हेर्न बाँकी छ । महासंघको पैरवीको रुप परिवर्तन भएको छ । हामी निर्देशिकाको

प्रभावकारी कार्यन्वयन भएको र किसानहरुले राज्यबाट आफूले सहयोग पाएको महशुस गरेको हेर्न चहान्छौ । त्यसैले यो सफलता सबैको सफलता भएकाले यसको कार्यन्वयनको लागि हामी खवरदारीमा जुटौं । खाद्य सुरक्षाका लागि उत्पादक सीमान्त, साना किसानहरुलाई हौसला प्रदान गरौं । जमीनको अत्याधिक उपयोग गरौं स्वच्छ, स्वस्थ्य उत्पादनको उपभोग गरौं ।

**पैरवी रणनीति र विधि,**

- किसानको समस्यालाई सवालको रुपमा रुपान्तरण ।
- संस्थागत छलफल, वहश, अन्तरक्रिया ।
- जिल्ला स्थित सरोकारवालाहरुमा माग पत्र पेश ।
- जिल्ला स्थित सरोकारवालाहरुमा बाँदर नियन्त्रणको लागि निबेदन ।
- बाँदर नियन्त्रण नीति निर्माण र कार्यान्वयनको माग सहित सम्माननीय प्रधानमन्त्री कार्यालयमा समेत निवेदन ।
- नीतिगत व्यवस्थाको माग सहित न्यायालयको साहरा ।
- अदालतीय बहश प्रकृयाका सहभागिता ।
- फैसला कार्यान्वयनको लागि पहल गरीदिन अनुरोध ।
- फैसला कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालयमा पैरवी

(२)

०६३-WO-०२७८

०६३-५-८

२०७५।६।१३

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन–पत्र

विषयः– परमादेश लगायत उपयुक्त उचित आवश्यक आदेश जारी गरी पाउँ।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल जिल्ला कार्य समिति कास्कीका तर्फबाट अख्तियार प्राप्त कास्की जिल्ला साविक कृस्ती नाच्नेचौर गा.वि.स.वडा नं.२ हाल पोखरा उपमहानगरपालिका वडा नं.२४ बस्ने वर्ष ६० को ठाकुर प्रसाद सुवेदी.....१ — निवेदक

मो. ९८४६६०३८६२

विरुद्ध

१. श्री जिल्ला प्रशासन कार्यालय, कास्की, पोखरा.....................................१

२. श्री क्षेत्रीय प्रशासन कार्यालय, पोखरा.......................................................१

३. श्री जिल्ला वन कार्यालय, कास्की .............................................................१

४. श्री जिल्ला कृषि विकास कार्यालय, कास्की..................................................१

५. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाण्डौ................................................................................................१

६. वन तथा भूसंरक्षण मन्त्रालय, सिंहदरवार, काठमाण्डौ..................................१

७. कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौ............................................१ — विपक्षी

म निवेदकले नेपालको संविधान २०७२ को धारा २५,३६,४२(२), ४६ को संवैधानिक हक प्रचलनको लागि धारा १३३(२) बमोजिम यो निवेदन गरेको छु।

१. नेपाल कृषि प्रधान देश हो, कृषिमा आधारित अर्थतन्त्र नेपालको विशेषता रहेकोमा नेपाल सरकारले ठूलो बजेट पनि कृषिमा लगानी गरेको छ। देशको हरेक क्षेत्रमा कृषि उत्पादनलाई विशेष महत्वका साथ प्रश्रय दिई कृषिमा लगानी गर्नेलाई कृषि ऋण छुट दिने नीति समेत तय भइ लागू भइसकेको छ। यसरी यति महत्वका साथ सरकारले दिएको प्राथमिकता कृषि उपज उपर

Scanned with CamScanner

वन्य जन्तु बाँदरले पुर्याएको हानी नोक्सानी क्षति उपर सो नियन्त्रणका लागि हालसम्म सरकारका तर्फबाट न कुनै नीतिको तर्जुन भएको छ, न कुनै बाँदर नियन्त्रण उपर कामकाज नै । मानव जातीको खाद्यान्न सुरक्षाको लागि सरकारले दायित्व वहन गर्नु पर्दछ । यसरी किसानले न झरी, न घामपानी भनी विनाहिचकिचावट अहोरात्र खेतिपाति गरेका हुन्छन । सोही उत्पादित अनाजबाट जीवन गुजारा गरी रहेका हुन्छन् । किसानहरुको लागि कृषि उत्पादन वस्तु भन्दा ठूलो केही हुन सक्दैन । यस्तो अवस्थामा बाँदरले पुर्याएको अपूरणीय क्षति/हानी नोक्सानी उपर राज्यको कुनै पनि निकायबाट कहिकतैबाट त्यसको नियन्त्रणका लागि उचित ब्यवस्थापन नहुँदा किसानहरु भोकै मर्नुपर्ने अवस्था सृजना हुँदै आएको छ ।

२. यसरी बाँदरले खाद्यान्न वाली, तरकारीवाली, एवं फलफूल खेतीहरुमा पुर्याएको अपूरणीय क्षति हानी नाक्सानी उपर राज्यले कुनै चासो नदेखाइएको अवस्था विद्यमान छ । कास्की जिल्ला कृस्ति नाच्नेचौर गा.वि.स.बाट बाँदर नियन्त्रणका लागि विभिन्न कार्यालयहरु जस्तो जिल्ला प्रशासन कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन, क्षेत्रीय प्रशासन कार्यालयहरुमा मिति २०७१।६।२६ मा र २०७१।६।३१ मा र प्रधानमन्त्रीको सम्पर्क शाखामा द.नं.१०३०७ मिति २०७२।१२।१२ मा खाद्यान्न सुरक्षाको लागि बाँदर नियन्त्रणको लागि आवश्यक नीति निर्माण गरी पाउँ भनी निवेदन दर्ता गराएको अवस्था विद्यमान छ । सो निवेदन उपर आजको मितिसम्म केही निर्णय भएको छैन । किन निर्णय गर्न ढिलाई भयो भनी जानकारी लिन खोज्दा बाँदर नियन्त्रणका लागि हालसम्म बाँदर नियन्त्रण सम्बन्धमा नीतिगत निर्णय र कानूनी ब्यवस्था नभएको भनी अलिखित जानकारी प्राप्त भएको, खाद्यान्न बाली फुलफूल, तरकारी बाँदर नियन्त्रण सम्बन्धमा सरकारबाट चासो नदेखाएको कारणबाट बाँदरको कारणले लाखौं कृषकहरुले उत्पादनमा क्षति ब्यहोर्दै आएको, दिन प्रतिदिन बाँदरको संख्या अत्यधिक बृद्धि हुँदै आइरहेको बाँदरको मनपर्ने खानामा धान, मकै भएको, बाँदरको कारण उत्पादित वस्तु खाद्यान्न वाली, फलफूल तरकारी समेतमा शत प्रतिशत क्षति ब्यहोर्नु परेको अवस्था विद्यमान छ, सो कुरा कसैबाट लुक्र छिप्र सक्दैन ।

३. नेपालको संविधान २०७२ को धारा २५ मा सम्पत्तिको हकको ब्यवस्था गरिएको छ, जसमा प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, ब्यवसायिक लाभ प्राप्त गर्ने, उत्पादकत्व बृद्धि गर्न कृषिको आधुनिकीकरण गर्ने हकको ब्यवस्था गरिएको छ, धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ भनी ब्यवस्था गरिएको छ । त्यसैगरी धारा ४२ मा सामाजिक न्यायको हक हुनेछ भन्ने संवैधानिक ब्यवस्था गरिएको छ । जसमा खाद्यान्न सम्बन्धी हकको समेत ब्यवस्था गरिएको छ । विगत लामो समयदेखि बाँदर आतंकले कृषकलाई विक्षिप्त बनाएको छ, कृषकहरुले अहोरात्र खटी

Scanned with CamScanner

वन्य जन्तु बाँदरले पुर्याएको हानी नोक्सानी क्षति उपर सो नियन्त्रणका लागि हालसम्म सरकारका तर्फबाट न कुनै नीतिको तर्जुन भएको छ, न कुनै बाँदर नियन्त्रण उपर कामकाज नै । मानव जातीको खाद्यान्न सुरक्षाको लागि सरकारले दायित्व वहन गर्नु पर्दछ । यसरी किसानले न झरी, न घामपानी भनी बिनाहिचकिचावट अहोरात्र खेतिपाति गरेका हुन्छन । सोही उत्पादित अनाजबाट जीवन गुजारा गरी रहेका हुन्छन् । किसानहरुको लागि कृषि उत्पादन वस्तु भन्दा ठूलो केही हुन सक्दैन । यस्तो अवस्थामा बाँदरले पुर्याएको अपूरणीय क्षति/हानी नोक्सानी उपर राज्यको कुनै पनि निकायबाट कहिकतैबाट त्यसको नियन्त्रणका लागि उचित ब्यवस्थापन नहुँदा किसानहरु भोकै मर्नुपर्ने अवस्था सृजना हुँदै आएको छ ।

२. यसरी बाँदरले खाद्यान्न बाली, तरकारीवाली, एवं फलफूल खेतीहरुमा पुर्याएको अपूरणीय क्षति हानी नाक्सानी उपर राज्यले कुनै चासो नदेखाइएको अवस्था विद्यमान छ । कास्की जिल्ला कृस्ति नाञ्चेचौर गा.वि.स.बाट बाँदर नियन्त्रणका लागि विभिन्न कार्यालयहरु जस्तो जिल्ला प्रशासन कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन, क्षेत्रीय प्रशासन कार्यालयहरुमा मिति २०७१।६।२६ मा र २०७१।६।३१ मा र प्रधानमन्त्रीको सम्पर्क शाखामा द.नं.१०३०७ मिति २०७२।१२।१२ मा खाद्यान्न सुरक्षाको लागि बाँदर नियन्त्रणको लागि आवश्यक नीति निर्माण गरी पाउँ भनी निवेदन दर्ता गराएको अवस्था विद्यमान छ । सो निवेदन उपर आजको मितिसम्म केही निर्णय भएको छैन । किन निर्णय गर्न ढिलाई भयो भनी जानकारी लिन खोज्दा बाँदर नियन्त्रणका लागि हालसम्म बाँदर नियन्त्रण सम्बन्धमा नीतिगत निर्णय र कानूनी ब्यवस्था नभएको भनी अलिखित जानकारी प्राप्त भएको, खाद्यान्न बाली फुलफूल, तरकारी बाँदर नियन्त्रण सम्बन्धमा सरकारबाट चासो नदेखाएको कारणबाट बाँदरको कारणले लाखौं कृषकहरुले उत्पादनमा क्षति ब्यहोर्दै आएको, दिन प्रतिदिन बाँदरको संख्या अत्यधिक बृद्धि हुँदै आइरहेको बाँदरको मनपर्ने खानामा धान, मकै भएको, बाँदरको कारण उत्पादित वस्तु खाद्यान्न वाली, फलफूल तरकारी समेतमा शत प्रतिशत क्षति ब्यहोर्नु परेको अवस्था विद्यमान छ, सो कुरा कसैबाट लुक्न छिप्न सक्दैन ।

३. नेपालको संविधान २०७२ को धारा २५ मा सम्पत्तिको हकको ब्यवस्था गरिएको छ, जसमा प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, ब्यवसायिक लाभ प्राप्त गर्ने, उत्पादकत्व बृद्धि गर्न कृषिको आधुनिकीकरण गर्ने हकको ब्यवस्था गरिएको छ, धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ भनी ब्यवस्था गरिएको छ । त्यसैगरी धारा ४२ मा सामाजिक न्यायको हक हुनेछ भन्ने संवैधानिक ब्यवस्था गरिएको छ । जसमा खाद्यान्न सम्बन्धी हकको समेत ब्यवस्था गरिएको छ । विगत लामो समयदेखि बाँदर आतंकले कृषकलाई विक्षिप्त बनाएको छ, कृषकहरुले अहोरात्र खटी

Scanned with CamScanner

उत्पादन गरिएका वस्तुहरु बाँदरले सत प्रतिशत नष्ट गराई पूर्ण रुपमा हानी नोक्सानी पुर्याई किसानहरुलाई उत्पादकत्वबाट बिमुख गराएको अवस्थामा पनि राज्यबाट कृषकहरुको सो मर्मप्रति कुनै चासो नदिई वेवास्ता गरिएको छ, जसबाट नेपालको संविधान २०७२ को धारा २५, धारा ३६ एवं ४२ मा भएको मौलिक हकको पूर्ण रुपमा हनन भएको छ। सो को प्रचलनका लागि स्पष्ट हालसम्म अन्य कानूनी उपचारको व्यवस्था नहुँदा कृषकहरुलाई अपूरणीय क्षति पुगी भविष्यमा समेत यसको उचित उपचारको ब्यवस्था नभएको कारण कृषि प्रधान देश नेपालका कृषक विछिप्त भई जग्गा जमिन पनि छोडी बाझो हुन पुगेको अवस्था रहेकोले सोको स्थायी उपचार प्रदानको लागि कानून निर्माण गरी लागू गर्नु बाहेक अन्य स्थायी उपचार केही नभएको अवस्था विद्यमान छ। कृषेको १००५० मे.ट. आलु, ३२० रोपनीको, सुन्तला ६२००० [illegible] रोपनीको ३२५. फलफूललाई २५. नोक्सानी भई किसानलाई क्षति पुगेको छ।

४. नेपालमा उपयोगविहिन रुपमा रहेको बाँदर बृद्धिको कारण कति खाद्यान्न वाली, फलफूल, तरकारी लगायतका वस्तुहरुमा क्षति पुगेको छ भन्ने कुरा राज्यको कुनै पनि तह, तप्काबाट आजसम्म विचार विलेश्षण गरिएको छैन। कृषकहरु मध्ये कतिले त बाँदरको कारण आफ्नो जग्गा जमिन बाझो राखी गाउँ छोडी शहर पस्न बाध्य भएका छन्। बाँदरले यसरी बाली, नाली खाद्यान्न, फलफूल, तरकारी सखाप पारी दिँदा न किसानले क्षतिपूर्ति पाउन सकेका छन्, न त बिमाको नै उचित व्यवस्था छ, न त बाँदरबाट खाद्यान्न बाली, फलफूल, तरकारी सुरक्षित गर्न हात हतियार नै राख्न पाउने व्यवस्था छ। यसरी कृषकले लगाएको खाद्यान्न वाली, तरकारी, फलफूल जबसम्म राज्यको तहबाट सुरक्षाको प्रत्याभूति एवं ग्यारेन्टी हुँदैन, तवसम्म कृषि उपजको कुनै मूल्य अर्थ रहदैन कृषि उत्पादित वस्तुको मूल्य र अर्थ नरहनु भनेको कृषि क्षेत्रमा जनताहरुको आकर्षण घट्न र मानिसहरु रोजगारको नाउँमा विदेशीने हो। प्रस्तुत निवेदन व्यक्तिमा मात्र लक्षित नभई सार्वजनिक सरोकारको चासो रहेको प्रस्तुत निवेदन ज्यादै संवेदनशिल रहेको अवस्था विद्यमान छ।

५. किसानले आफ्नो जग्गामा लगाएको खाद्यान्न बाली, फलफूल र तरकारी समेत निर्वादरुपमा संरक्षण र उपभोग गर्न पाउनु पर्ने अधिकार राज्यको संवैधानिक मौलिक एवं कानूनी हक अन्तर्गत पर्दछ। सो हक प्रचलनको लागि अर्को कानूनी उपचारको व्यवस्था नभएको हुँदा बाध्य भएर सो संवैधानिक हक प्रचलनको लागि नेपालको संविधान २०७२ को धारा ४६, १३३ बमोजिम यो निवेदन गर्न बाध्य भएको छु।

६. तसर्थः कृषिमा आधारित, आश्रित मानव जातीको खाद्य सुरक्षाको लागी बाँदरले पुर्याएको अपुरणिय क्षति हानी नोक्सानीको नियन नियन्त्रणको लागि कानूनी व्यवस्थाको अभाव रहेको, सो को अभावमा कृषिमा आश्रित किसानहरु भए भरको आफ्नो जग्गा बाझै छोडी, पौर्तारिंदै

Scanned with CamScanner

रोजगारको लागी विदेशिनु परेको अवस्था एकातिर छ भने अर्को तिर कृषि प्रधान देशमा जसमा सरकारले ७० प्रतिशत भन्दा बढी लगानी गर्ने गरी बजेट भाषण गरीएको छ । बाँदर नियन्त्रणको अभावमा सो लगानी डुब्ने कुरा सुनिश्चित रहे भएको हुँदा नेपालको संविधान २०७२ को धारा २५, ३६ नं. धारा ४२(२) द्वारा प्रदत्त हक प्रचलनको अन्य वैकल्पिक मार्गको अभावमा प्रस्तुत रिट निवेदन दर्ता गर्न बाध्य भएको छु । संविधानद्वारा प्रदत्त धारा २५, सम्पत्ति सम्वन्धी हक धारा ३६ खाद्य सम्बन्धी हक, धारा ४२(२) खाद्यान्न सम्बन्धी हको प्रचलन गरी निर्वाद रुपमा खाद्यान्न वाली, फलफूल, तरकारी समेतको उपभोग एवं संरक्षण गर्न कृषिमा सर्वसाधारणको आकर्षण बढाई उत्पादन बढाउन, बन्यजंन्तु बाँदर व्यवस्थापन र नियन्त्रण गर्नका लागि आवश्यक नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिपद एवं विपक्षीका नाउँमा परमादेश लगायत जो चाहिने उपर्युक्त आज्ञा आदेश पूर्जी जारी गरी पाउँ ।

७. मेरा तर्फबाट रहनु हुने कानून व्यवसायीले प्रस्तुत गर्नुहुने बहस, कानूनी बुँदा र ईजलास समक्ष पेश गर्ने नजिर समेत यसै निवेदनपत्रको अभिन्न अंग मानी पाउँ ।

८. निम्न प्रमाण कागज पेश गरेको छ ।

(क)मिति २०७१।६।२६, २०७२।१२।१२ मा विभिन्न सरकारी निकाय एवं नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालयमा दिएको निवेदनको फोटोकपी–१

(ख)जिल्ला बन कार्यालय कृष्टि नाच्नेचौरमा बाँदरले खाद्यान्नमा पुर्याएको हानी नोक्सानी सम्बन्धमा स्थानीय कृषकहरुबाट सर्जमिन गराउन दिएको आदेश र सो बमोजिमको सर्जमिन मुचुल्काको फोटोकपी–१

(ग) राष्ट्रिय कृषक समूह महासंघ नेपाल जिल्ला कार्य समितिको बैठकको निर्णयको फोटोकपी र अख्तियारीनामाको सक्कल–२

(घ)कृष्टी नाच्नेचौर गा.वि.स.को २०७१।०६।१० को सिफारिस–१

(ङ)नागरिकताको फोटोकपी–१

९. यसमा लेखिएको ब्यहोरा ठीक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

ठाकुर प्रसाद सुवेदी

इति सम्वत २०७३ साल असोज महिना गते रोज शुभम्.........

पेज १ मा आफ्नो हुकुमा समेत, मो.नं. ९८४६३०४८६६ तथा सर्वोच्च अदालत नियमावली २०७४ को नियम ८० बमोजिम रु.५००। रकमी भने थपी लाइनेन। पेज ३ मा बचौनी १०३५० मे.ट. आलु, ४२० मे.ट. तरकारी, तन्तला ६५,००० मे.ट. अन्य तरकारी ३८% फलफूल ४५% नोक्सान भई हजारौं लाखौं क्षतिपुगेको छ भनी थपी सच्याइन्छ। ठा.प्र. सुवेदी।

Scanned with CamScanner

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
०७३-WO-०२५४
मुद्दा :-परमादेश समेत।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, जिल्ला कार्य समिति कास्कीका तर्फबाट अख्तियार प्राप्त भै आफ्नो हकमा समेत कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. २४ बस्ने ठाकुरप्रसाद सुवेदी----------------------------------------१ निवेदक

विरूद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार..............................१
बन तथा भू-संरक्षण मन्त्रालय..............................१
कृषि विकास मन्त्रालय..............................१
जनसंख्या तथा बातावरण मन्त्रालय..............................१ विपक्षी
क्षेत्रीय प्रशासन कार्यालय, पोखरा..............................१
जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा..............................१
जिल्ला बन कार्यालय कास्की..............................१
जिल्ला कृषि विकास कार्यालय कास्की..............................१

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छः

नेपाल कृषि प्रधान देश हो। कृषिमा आधारित अर्थतन्त्र नेपालको विशेषता हो। कृषि क्षेत्रमा नेपाल सरकारले ठूलो लगानी गरेको छ। राज्यले कृषि उत्पादनलाई विशेष महत्व दिई कृषि ऋण दिने नीति समेत लागू गरेको छ। तर यति महत्वका साथ सरकारले प्रथमिकता दिएको कृषि उत्पादनमा बन्यजन्तु वादरले पुऱ्याएको हानि नोक्सानी नियन्त्रणका

ठाकुरप्रसाद सुवेदी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ १

लागि हालसम्म सरकारले कुनै नीति तथा योजना बनाएको छैन। न त बादर नियन्त्रण गर्ने कार्य नै भएको छ। मानिसको लागि आवश्यक खाद्यन्न सुरक्षाको लागि सरकारले दायित्व बहन गर्नु पर्छ। किसानले झरी, बादल र घामपानी केही नभनी अहोरात्र खेतिपाति गरेका हुन्छन। सोही उत्पादित अनाजबाट जीबन गुजारा गरी रहेका छन। किसानहरुको लागि कृषि उत्पादन नै ठूलो कुरा हो। कृषकले ठूलो परिश्रम गरेर आर्जन गरेको अनाज बादरले क्षति पुर्‍याएमा कृषकलाई अपूरणीय क्षति हुन्छ। यस कुरालाई मनन गरेर, राज्यले बादर नियन्त्रणको उचित व्यवस्थापन गर्न सक्नु पर्छ।

बादरले खाद्यन्न बाली, तरकारी र फलफूल खेतीहरुमा पुर्‍याएको अपूरणीय क्षति हानि नोक्सानी उपर राज्यले कुनै चासो नदेखाएको कारण कास्की जिल्ला कुस्ति भ्राच्नेचौर गा.बि.स. ले खाद्यन्न सुरक्षाको लागि बादर नियन्त्रण गर्ने व्यवस्था मिलाई पाउन समेत बिपक्षी जिल्ला प्रशासन कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला बन कार्यालय, क्षेत्रीय प्रशासन कार्यालयमा मिति २०७१।६।२६, २०७१।६।३१ मा र प्रधानमन्त्रीको सम्पर्क शाखामा मिति २०७२।१२।१२ मा आवश्यक नीति निर्माण गरी पाउँ भनी द.नं. १०३०७ को निवेदन दर्ता गराएको थियो। सो निवेदनमा आजको मितिसम्म केही निर्णय भएंको छैन। किन निर्णय गर्न ढिलाई भयो भनी जानकारी लिन खोज्दा हालसम्म बादर नियन्त्रण गर्न नीतिगत निर्णय र कानूनी व्यवस्था नभएको भनी मौखिक जानकारी प्राप्त भयो। बादर नियन्त्रण नभएको कारण कृषि उपजमा धेरै क्षति भएको छ। आजकै यो अवस्था रही रहेमा भोलिका दिनमा बादरको संख्या बढी भावी दिनमा कृषकले धेरै क्षति व्यहोर्नु पर्ने हुन्छ। बादरले हाल वर्षेनी १०९५० मेट्रिक टन आलु, ३२० मेट्रिक टन नगदेबाली, ६२०० मेट्रिक टन सुन्तला, अन्य नगदेबाली ३५ प्रतिशत र त्यति नै प्रतिशत फलफूल नोक्सान पुर्‍याई हजारौं कृषकलाई क्षति पुगेको छ। यसरी कृषकलाई हुने क्षति न्यून गर्न सरकारले चासो दिनु पर्दछ।

नेपालको संविधानको धारा २५ मा प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने, उत्पादकत्व बृद्धि गर्न कृषिको आधुनिकीकरण गर्ने, धारा ३६ मा

- - -

ठाकुरप्रसाद सुवेदी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ २

प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक र धारा ४२ को उपधारा (२) मा सामाजिक न्यायको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ। विगत लामो समयदेखि बादर आतंकले कृषकलाई विक्षिप्त बनाईरहेको परिप्रेक्ष्यमा खाद्यन्नको हकमा आघात पुगेको छ। कृषकहरुले अत्यन्त कठिनपूर्वक उत्पादन गरेका अनाजहरु बादरले सत प्रतिशत नष्ट गराई किसानहरुलाई उत्पादकत्वबाट विमुख गराएको अवस्थामा पनि राज्यबाट कृषकहरुको मर्मप्रति कुनै चासो नदिई वेवास्ता गरिएको छ। जसबाट नेपालको संविधानको धारा २५, ३६ र ४२ प्रदत्त मौलिक हकको पूर्ण रुपमा हनन भएको छ। सो हक प्रचलन नहुँदा कृषकहरुलाई अपूरणीय क्षति पुगी भविष्यमा समेत यसको उचित उपचारको व्यवस्था नहुने भएको कारण कृषि प्रधान देश नेपालका कृषक विक्षिप्त भई खेति गर्न छोडी जग्गा बाझो हुन पुगेको अवस्था रहेकोले सोको स्थायी समाधान गर्नको लागि बादर नियन्त्रण गर्ने कानून निर्माण गर्नु बाहेक अन्य उपचार केही नभएको अवस्था विद्यमान छ।

नेपालमा बादर वृद्धिको कारण कति खाद्यन्न बाली, फलफूल, तरकारी लगायतमा क्षति पुगेको छ भन्ने कुरा राज्यले आजसम्म विचार गरेको छैन। यसरी बादरले बाली, नाली जस्ता खाद्यन्न, फलफूल, तरकारी सखाप पारी दिँदा न किसानले क्षतिपूर्ति पाउन सकेका छन्। न त बिमाको नै उचित व्यवस्था छ, न त बादरबाट खाद्यन्न बाली, फलफूल, तरकारी सुरक्षित गर्न हात हतियार नै राख्न पाउने व्यवस्था छ। कृषकले लगाएको खाद्यन्न बाली, तरकारी, फलफूल जबसम्म राज्यको तहबाट सुरक्षाको पूर्ण प्रत्याभूति हुँदैन, तबसम्म कृषि उपजको कुनै मूल्य र अर्थ रहँदैन। कृषकले उत्पादन गरेको अनाजको मूल्य र अर्थ नरहनु भनेको कृषि क्षेत्रमा जनताहरुको आकर्षण घटी कृषकहरु रोजगारको लागि विदेशिनु हो। आजको दिनसम्म धेरै कृषक विदेश रोजगारको लागि गएका छन्। त्यसै कारण कृषक विदेश नगै कृषि पेशा गरी उल्लेख भए अनुसारका विभिन्न खाद्यन्न उत्पादन गरुन र उत्पादित खाद्यन्न वन्यजन्तुबाट संरक्षण होस भन्न यो सार्वजनिक सरोकारको विवाद लिएर यस अदालतमा आउँनु परेको हो।

अतः नेपाल कृषि प्रधान देश भएकोले नेपाल सरकारले कृषि क्षेत्रमा ठूलो लगानी

ठाकुरप्रसाद सुवेदी-विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ ३

गरेको कारण कृषकले अनाज (अन्न बाली) उत्पादन गरी आर्थिक लाभ लिन खोजेको भए पनि नेपालमा कृषकले उत्पादन गरेको अनाज बादरले नष्ट गरेको कारण कृषकलाई धेरै हानि भै क्षति भएको छ। बादरबाट कृषकले धेरै क्षति व्यहोर्नु परेको हुँदा नेपालको संविधानको धारा २५, ३६ र ४२ (२) मा उल्लेख भएका मौलिक हक प्रचलन हुनु पर्दछ। त्यसैले निर्बाद रुपमा खाद्यन्न बाली, फलफूल, तरकारी समेतको उपभोग एवं संरक्षण गरी कृषिमा सर्वसाधारणको आकर्षण बढाई उत्पादन बढाउन, बन्यजन्तु बादर व्यवस्थापन र नियन्त्रण गर्नका लागि आवश्यक नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षी निकायका नाममा परमादेश लगायत उपर्युक्त आज्ञा आदेश जारी गरी पाउँ भन्ने समेत व्यहोराले रिट निवेदकले यस अदालतमा पेश गरेको रिट निवेदन।

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाउनु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७३।६।१० को आदेश।

रिट निवेदकले किसानले उत्पादन गरेको बाली वन्यजन्तु बादरले हानि नोक्सानी पुऱ्याएको अवस्थामा क्षति नियन्त्रणका लागि नेपाल सरकारले हालसम्म कुनै नीति र योजना नबनाएको भन्ने उल्लेख गरेको भए पनि जनताको जीउ धनको सुरक्षा, समाजमा शान्ति, अमन चयन गर्ने कार्यमा यस कार्यालयबाट सुरक्षा निकायहरु परिचालन गरिएको छ। यस कार्यालयले निवेदकको संवैधानिक, मौलिक एवं कानूनी हक प्रचलनमा बाधा पुऱ्याएको छैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले विपक्षी जिल्ला प्रशासन कार्यालय कास्कीको तर्फबाट पेश भएको लिखित जवाफ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा बादरलाई संरक्षित वन्यजन्तुमा सूचिकृत गरिएकोले बादरलाई मार्न वा शिकार गर्न नपाईने प्रष्ट छ। खेती जोगाउने प्रथम दायित्व सम्बन्धित किसानको नै हो। निजले संरक्षण गर्न नसकेको अवस्थामा स्थानिय प्रशासनबाट बादर धपाउने व्यवस्था गर्न सकिने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनु पर्छ भन्ने समेत व्यहोराले विपक्षी क्षेत्रिय प्रशासन कार्यालय पोखराको तर्फबाट पेश भएको लिखित जवाफ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार बन, बनस्पति, वन्यजन्तु, जैविक विविधता, वातावरणको संरक्षण, सदुपयोग र लाभको बाँडफाँड समेतका विषय यस मन्त्रालयको क्षेत्राधिकारभित्र पर्दछ। तदनुरुप यस मन्त्रालयले वन्यजन्तुको संरक्षण गर्नु पर्छ। वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ मा बादर समावेश नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले विपक्षी बन तथा भुसंरक्षण मन्त्रालय र जिल्ला बन कार्यालय कास्कीको तर्फबाट पेश भएको लिखित जवाफ।

रिट निवेदनमा यस कार्यालयलाई विपक्षी बनाउनु पर्ने कुनै कारण उल्लेख भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको जिल्ला कृषि विकास कार्यालय कास्कीको तर्फबाट पेश भएको लिखित जवाफ।

बाली नालीमा जुनसुकै कारणले हानि नोक्सानी भए पनि सरकारले बाली तथा पशुपक्षी बिमा मार्फत क्षतिपूर्ति दिँदै आएको छ। जंगली जनावरबाट कृषकलाई हुने क्षति कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने सम्वन्धमा छलफल परमार्श भै रहेको छ। यसरी सरकारले उचित विकल्प निकाली कृषकलाई सुरक्षित गर्न यथोचित प्रयास गरिरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको विपक्षी कृषि विकास मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

रिट निवेदनमा कृषि उपज उपर वन्यजन्तु बादरले हानि नोक्सानी एवं क्षति पुर्‍याएकोले बादर नियन्त्रण गर्ने वा क्षतिपूर्ति पाउने व्यवस्था हुनु पर्छ भन्ने उल्लेख भए अनुसार बादर तथा वन्यजन्तुहरु जैविक प्रणालीका महत्वपूर्ण तत्वहरु हुन। सबै किसिमका जिवजन्तुहरुको अस्तित्व र उपस्थितिले मात्र जैविक प्रणालीले जिवन्तता पाउँछ। जैविक प्रणालीलाई असर नपुर्‍याई कृषि उत्पादनको बृद्धि तथा किसानको हितको सम्वन्धमा नेपाल सरकारले गरेका काम कारवाहीको सम्वन्धमा सम्वन्धित निकायको लिखित जवाफबाट प्रष्ट हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट पेश भएको लिखित जवाफ।

ठाकुरप्रसाद सुवेदी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ ५

यसमा सार्वजनिक सरोकारको विवाद भनी नेपालको संविधानको धारा १३३ को उपधारा (२) अन्तर्गत दायर भएको प्रस्तुत निवेदनमा मुख्य रुपमा बाँदरले बाली नोक्सान गरेको विषयलाई उठाइएको भएपनि मानिस तथा वातावरणबीचको सम्बन्ध र त्यस अन्तर्गत जंगली जीवजन्तुबाट किसानको बाली खाने र उनीहरुको जीवन र जिविकाउपर आक्रमण गरी खाद्य सुरक्षा र खाद्य सम्प्रभूतामा समेत प्रतिकूल असर पार्न सक्ने वृहत परिवेशमा यो विषयलाई हेरिनु पर्ने हुन आयो। यस अर्थमा संविधानको धारा १६, २५, ३०, ३६ द्वारा प्रत्याभूत हकहरु यहाँ प्रत्यक्षरुपमा सान्दर्भिक देखिन आयो। तसर्थ प्रस्तुत रिट निवेदनमा देहायका कार्यहरु सम्पन्न गरी पेश गर्नु।

क) माथि उल्लेखित विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयको राय बुझी सो मन्त्रालयलाई समेत संलग्न गराउनु आवश्यक देखिँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२ को उपनियम (१) बमोजिम सो मन्त्रालयलाई समेत पक्ष कायम गरिएको छ। मानिस लगायत वन्यजन्तुको चाप र आक्रमणबाट किसान र बाली कसरी जोगाउने, वन्यजन्तुको गतिविधि आहार, व्यवहार र तिनबाट पर्नसक्ने प्रतिकूल असर र नोक्सानीको क्षतिपूर्ति प्रभावकारी रुपमा कसरी हुन सक्छ भन्ने विषयमा हालसम्म भएका अनुसन्धानहरुबाट देखिएका कुराहरु समेत संलग्न गराई यसबारेमा के कस्तो नीति र कानून बन्नु आवश्यक हुन्छ भन्ने विषयमा स्पष्ट दृष्टिकोण सहित एक महिना भित्र...लिखित जवाफ पेश गर्नु भनी सूचना पठाई लिखित जवाफ लिनु।

ख) वन तथा भु-संरक्षण मन्त्रालयको लिखित जवाफ हेर्दा सो मन्त्रालयबाट स्वीकृत वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ को दफा २ को खण्ड (क) मा वन्यजन्तुबाट हुने क्षति भित्र हात्ती, गैंडा सहित ११ प्रकारका वन्यजन्तुबाट हुने क्षतिलाई समेटिएको तर बादरबाट हुने क्षति नसमेटिएको भन्ने उल्लेख भएको पाइयो। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को अनुसूची १ मा वर्णित पशुपंक्षीको सिकार गर्न नपाइने र त्यसमा आसामी रातो बादर (मकाका

आसामेन्सीस) परेको देखिन्छ। सो भित्र नेपालमा पाइने बादरका सबै प्रजाती पर्छन् वा पर्दैनन् स्पष्ट हुन सकेन। साथै कोशीटप्पु वन्यजन्तु आरक्षका वन्यजन्तुबाट किसानको बाली नोक्सान परेको विषयमा यस अदालतबाट बाजुद्दिन मियां विरुद्द प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भै चलेको ०६४-WO-०३३८ को रिट निवेदनमा मिति २०६५।११।५ मा भएको निर्णय कार्यान्वयनको अवस्था के छ, कोशीटप्पु वन्यजन्तु आरक्षका वन्यजन्तुबाट पीडित किसानहरुलाई क्षतिपूर्ति दिन के कस्तो संरचना, मापदण्डहरु अपनाईएको र के कस्तो क्षतिपूर्ति प्रदान गरिएको छ सो समेत बुझी प्रस्तुत रिट निवेदनमा निश्कर्षमा पुग्नु पर्ने देखियो। तसर्थ उल्लेखित विषयमा वन्यजन्तुबाट मानव, घरपालुवा जनावर र बालीमा हुने आक्रमण र पुग्न जाने क्षतिको विषयमा के गर्न उपयुक्त हुन्छ भन्ने विषयमा वन तथा भु-संरक्षण मन्त्रालयका सचिवको संयोजकत्वमा सो मन्त्रालय, कृषि विकास मन्त्रालय एवं जनसंख्या तथा वातावरण मन्त्रालयका विज्ञहरु समेत सम्मिलित एउटा विशेषज्ञ समिति गठन गरी यस विषयमा आवश्यक अध्ययन र सरोकारवालाहरुसँग परामर्श समेत गरी माथि उल्लेखित सबै कुराहरुमा स्पष्ट दृष्टिकोण सहितको प्रतिवेदन तीन महिनाभित्र पेश गर्नु भनी वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी प्रतिवेदन लिनु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०७३।१०।२६ को आदेश।

रिट निवेदनमा उल्लेख भए अनुसार वन्यजन्तुले कृषकको बालीमा पुऱ्याउने नोक्सानी र यसको नियन्त्रण गर्ने निती बनाउने कार्यक्षेत्र नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार यस मन्त्रालयको नभएको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने होईन। तर जहाँसम्म बादर लगायतका वन्यजन्तु नियन्त्रण गर्न सरकारले कुनै नीति योजना नबनाएको भन्ने छ, त्यस सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार बादर संरक्षित वन्यजन्तुको रुपमा रहेकाले उक्त ऐनको दफा १० अनुसार वन्यजन्तुलाई शिकार गर्न र मार्न पाईदैन। संरक्षण गर्नु पर्ने देखिन्छ। वन्यजन्तुको आक्रमणबाट किसानलाई परेको मार्का समाधान गर्ने र बाली संरक्षण गर्ने उपाय, वन्यजन्तुको गतिविधि, आहार-विहार, व्यहार र

तिनीहरुबाट पर्यावरणमा पर्न सक्ने असर बुझ्ने विशेषज्ञ जनशक्ति यस मन्त्रालयमा नभएको कारण त्यस सम्बन्धमा हालसम्म कुनै अध्ययन अनुसन्धान हुन नसकेको हो। अब विभिन्न विषयगत मन्त्रालय र विशेज्ञता हासिल गरेका व्यक्ति सम्मिलित टोलीबाट अध्ययन गराई प्राप्त अध्ययनको आधारमा आवश्यक नीति तथा योजना बनाउनु उपयुक्त हुने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराले यस अदालतको मिति २०७३।१०।२६ को आदेश अनुसार विपक्षी कायम भएको जनसंख्या तथा वातावरण मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनको सक्कल कागजातको अध्ययन गरी रिट निवेदकको तर्फबाट उपस्थित निवेदक विद्वान अधिवक्ताहरु श्री पदमबहादुर श्रेष्ठ र श्री विष्णुकुमार थोकरले प्रस्तुत विवादमा कृषकले उत्पादन गरेको अनाज बाली लगायत नगदे बाली र फलफूल बन्यजन्तु बादरले क्षति पुऱ्याएको कारण कृषक कृषि उत्पादन गर्नबाट विमुख भएका छन्। कृषि उत्पादन बादरको क्षतिबाट रोकथाम, नियन्त्रण गर्न विपक्षी निकायलाई ध्यानाकर्षण गराउँदा समेत विपक्षी निकायले कानून नभएकोले बादर नियन्त्रण गर्न नसकिएको भनी मौखिक जानकारी दिएकोमा लिखित जवाफमा पनि बादर नियन्त्रण गर्ने कानून नभएको व्यहोरा उल्लेख भएको देखिन्छ। कृषकले बादरको आक्रमणबाट बाली नाली जोगाउन नसकेको परिवेशमा सरकारले कानून नभएको भन्ने आधार देखाई पन्छिन मिल्दैन। राज्य अर्थात विपक्षी नेपाल सरकार देशको अभिभावक हो। उ कानून बनाउन सक्षम निकाय हो। त्यस कारण राज्यले बादरबाट भएको क्षतिको क्षतिपूर्ति दिने व्यवस्था गर्नु पर्दछ। यस अघि विपक्षी निकायले लागू गरेको बन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ लागू गरेको भए पनि त्यसमा बादरबाट हुने क्षतिलाई समावेश गरेको छैन। यस अवस्थामा राज्यले कानून बनाएर कृषकलाई हानि अनुसारको क्षतिपूर्ति दिने व्यवस्था नगरेमा अब किसान कृषि उत्पादन गर्नबाट विमुख भै नेपाल कृषि प्रधान देश हो भन्ने कुराले सार्थकता पाउँदैन।

विपक्षी निकायहरुको लिखित जवाफमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार बाघ संरक्षित वन्यजन्तु भएकोले मार्न वा शिकार गर्न नपाइने हुँदा नियन्त्रण गर्न नसकेको भन्ने अर्को आधार उल्लेख भएको भएपनि रिट निवेदनको मुख्य माग बादरको शिकार गर्नुपर्छ भन्ने होइन। प्रथमतः नियन्त्रण गर्ने उपाय खोज्ने दित्तीयतः नियन्त्रण गर्न नसक्ने अवस्था भए क्षतिपूर्ति पाउने व्यवस्था होस भनी माग गरेको हो। बादर के कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने सम्बन्धमा विपक्षी निकायले विशेषज्ञसँग परामर्श गरेको भन्ने देखिए पनि कानून कहिले सम्म बन्ने भन्ने कुरा लिखित जवाफमा उल्लेख भएको छैन। यस अदालतको मिति २०७३।१०।२६ को आदेशले आवश्यक अध्ययन गर्न बन तथा भूसंरक्षण मन्त्रालयका सचिवको संयोजकत्वमा सो मन्त्रालय र २ विपक्षी मन्त्रालयका विज्ञ सम्मलित विशेषज्ञ समिति गठन भै प्राप्त भएको सुझाव प्रतिवेदनले पनि निवेदनमा उठाईएका विषय संवोधन हुन सक्ने देखिँदैन। तसर्थ रिट निवेदन माग बमोजिम आदेश गर्न यो इजलासलाई कुनै बाधा नहुँदा उपयुक्त आदेश जारी हुनु पर्दछ भन्ने व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री राजेशकुमार कटुवालले रिट निवेदकले लिखित जवाफलाई मात्र आधार मानेर बहस प्रस्तुत गर्नु भएको भए पनि बादर नियन्त्रण यसरी गर्न सकिन्छ भन्ने कुरा देखाउन सक्नु भएको छैन। बादर घरपालुवा जनावर होइन, वन्यजन्तु हो। वन्यजन्तु बादर नियन्त्रण गर्न कठिन हुन्छ। जुनसुकै ठाउँमा पनि बादर हुन्छन्। खोर बनाएर नियन्त्रण गर्न सकिदैन। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० बमोजिम वन्यजन्तुको शिकार गर्न पाइदैन। निवेदकले वन्यजन्तु शिकार गर्न पाउनु पर्दछ भनेर माग नगरेको भए पनि कानूनको अभावमा कृषकलाई क्षतिपूर्ति दिनु पर्दछ भन्न पनि मिल्दैन। हामीले Rule of law मा आधारित शासन व्यवस्था र न्याय प्रणाली अवलम्बन गरेको हुँदा विवादको निरुपण गर्न पहिले कानून निमार्ण हुनु पर्छ। कानून निर्माण गर्ने व्यवस्थापिका संसदलाई विपक्षी बनाएको देखिँदैन। यद्येपी लिखित जवाफ र यस अदालतको मिति २०७३।१०।२६ को आदेशले प्राप्त भएको विज्ञ समूहको प्रतिवेदनमा पनि बादरले पुऱ्याएको क्षति वापत क्षतिपूर्ति दिने व्यवस्था मिलाउन सकिने भनी उल्लेख भएको

हुँदा निवेदन माग बमोजिम आदेश जारी हुने अवस्था छैन। प्रस्तुत रिट निवेदन खारेज हुनु पर्दछ भन्ने समेत व्यहोराको बहस प्रस्तुत गर्नु भयो।

उपरोक्त बमोजिम दुवै तर्फका विद्वान् कानून व्यवसायीले गर्नु भएको बहस समेत सुनी निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो, होईन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा रिट निवेदनमा नेपाल कृषि प्रधान देश भै कृषिमा आधारित अर्थतन्त्र छ। यसै कारण सरकारले कृषि क्षेत्रमा लगानी गरेको छ। तर लगानी गरे अनुसार कृषकले उत्पादन गरेको १०९५० मेट्रिक टन आलु, ३२० मेट्रिक टन नगदेवाली, ६२०० मेट्रिक टन सुन्तला, अन्य नगदेवाली ३५ प्रतिशत र त्यति नै प्रतिशत फलफूल वर्षेनी नोक्सान भएको छ। कृषकलाई भएको हानि नोक्सानी अनुसारको क्षतिपूर्ति राज्यले नदिएको कारण कृषकहरु कृषि कार्यबाट दिन दिनै विमुख हुँदै गएका छन्। कृषक कृषि कार्यबाट विमुख भएमा कृषि प्रधान देश नेपाल भन्ने नारा नै ओझेलमा पर्दछ। त्यसैले राज्यले कृषकहरुले उत्पादन गरेको अनाज समेत संरक्षण गर्नु पर्दछ। राज्य अभिभावक पनि भएको हुँदा बादर नियन्त्रण गर्ने दायित्व पनि राज्यले लिनु पर्दछ। राज्यले दायित्व मनन गरेर बादर नियन्त्रण गर्ने वा उचित क्षतिपूर्ति दिने व्यवस्था गर्नु पर्दछ, विपक्षी जिल्ला प्रशासन कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिल्ला बन कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय र प्रधानमन्त्रीको सम्पर्क शाखामा बादर नियन्त्रण गर्ने आवश्यक नीति निर्माण गरी पाउन कृष्ति नाच्नेचौर गा.वि.स. ले ध्यानाकर्षण गराउदा पनि बादर नियन्त्रण गर्ने कानून नभएको भन्दै समस्या समाधान गर्न विपक्षीहरु पन्छिएको कारण कृषकको नेपालको संविधानको धारा २५ र ३६ समेत प्रदत्त हक प्रचलनमा आघात पुगेको हुँदा बादरको आक्रमणबाट भएको क्षतिको क्षतिपूर्ति पाउने उचित कानून निर्माण गर्नु गराउनु भनी विपक्षीहरुको नाममा आवश्यक आदेश जारी हुनुपर्दछ भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

विपक्षी क्षेत्रीय प्रशासन कार्यालय पोखराले खेती जोगाउने प्रमुख दायित्व कृषकको हो, बन तथा भूसंरक्षण मन्त्रालय र जिल्ला बन कार्यालय कास्कीले वन्यजन्तुबाट हुने क्षतिको राहत

ठाकुरप्रसाद सुवेदी विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ १०

सहयोग निर्देशिका, २०६९ मा वादर समावेश नभएको, कृषि विकास मन्त्रालयले जंगली जनावरबाट कृषकलाई हुने क्षति कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने सम्बन्धमा छलफल गरिरहेको र जनसंख्या तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १० सम्वद्ध अनुसूची १ मा वादर संरक्षित वन्यजन्तु भएकोले शिकार गर्न र मार्न प्रतिवन्ध लगाएको र बादर नियन्त्रण गर्ने कानून नभएको हुँदा समेत रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत व्यहोराले लिखित जवाफ पेश गरेको देखिन्छ।

नेपाल कृषि प्रधान देश भएको नाताले कृषकलाई कृषि उत्पादन गर्न नेपाल सरकारले वर्षेनी लगानी गरेको तथ्यमा विवाद छैन। सरकारले लगानी गरे अनुसार र कृषकले अथक परिश्रम गरी कृषिजन्य अनाथ उत्पादन गरे अनुसार उत्पादित अन्न, वाली, तरकारी र फलफूलको कृषकले आर्थिक उपार्जन लिन पाउनु पर्दछ भन्ने कुरामा कसैको विमति हुन सक्दैन। तर कृषकले उत्पादित विभिन्न कृषिजन्य नगदेवाली, खाद्यन्न, फलफूल र तरकारीको आथिक उपार्जन लिन नपाउदै वादर लगायत अन्य वन्यजन्तुको आक्रमणबाट केही क्षति, हानि नोक्सानी वा पूर्णरुपमा नष्ट भएमा कृषकलाई धेरै ठूलो क्षति हुन्छ। निवेदकले कृषकका त्यही कुरालाई मनन गर्दै १०९५० मेट्रिक टन आलु, ३२० मेट्रिक टन नगदेवाली, ६२०० मेट्रिक टन सुन्तला, ३५ प्रतिशत अन्य नगदेवाली र त्यति नै प्रतिशत फलफूल वर्षेनी वादर आक्रमणबाट नष्ट भएको तथ्याङ्क देखाई सार्वजनिक सरोकारको विवाद समावेश भएको रिट निवेदन दायर गरेको देखियो।

निवेदकले वादर नियन्त्रण गर्ने कानूनको अभावको कारण वादर नियन्त्रण नहुँदा कृषकको खेतिपाति नष्ट भएको हुँदा कानून निर्माण गर्न र क्षतिको आधारमा क्षतिपूर्ति पाउने व्यवस्था गर्न विपक्षी नेपाल सरकारको नाममा आवश्यक आदेश गरी पाउन समेत माग गरेको देखिन्छ। प्रथमतः वादर नियन्त्रण गर्ने कानून निर्माण गर्ने आदेश जारी हुनु पर्ने हो होईन भन्ने सम्वन्धमा विचार गर्दा निवेदक र विपक्षी निकाय दुवै पक्षले वादर नियन्त्रण गर्ने कानून नभएको कुरा स्वीकार गरेको देखिन्छ। वादर नियन्त्रण गर्ने कानून बनाउने वा नबनाउने कुरा विपक्षी नेपाल सरकारको Domain को कुरा हो । कानून आवश्यता र औचित्यको आधारमा

निर्माण गरिने हो। शक्तिपृथकीकरणको सिद्धान्त अनुसार अदालतले कानून बनाउने निकायलाई यो यस्तो कानून बनाउनु भनेर आदेश जारी गर्न मिल्दैन। कानून बनाउने निकायले कानून निर्माण गरेपछि त्यसको व्याख्या गर्ने सम्मको काम अदालतको हो। जहाँ कानून छैन, त्यहाँ उपचार पाउन सकिदैन। यस विवादमा विपक्षीहरुको लिखित जवाफमा बादर नियन्त्रण गर्ने प्रवन्ध गर्न आवश्यक छलफल परमार्श भै रहेको भन्ने देखिँदा यस सम्बन्धमा कुनै विचार गरी रहन परेन। विपक्षी नेपाल सरकारले बादर नियन्त्रण गर्न मिल्ने हो, होईन भन्ने प्रश्न पनि विचरणीय छ। अतः विपक्षी नेपाल सरकारले बादर नियन्त्रण गर्न के कस्तो कानून बनाउने वा नबनाउने भन्ने कुरा यस अदालतको Domain न भै कानून निर्माण गर्ने निकायको Domain भएको हुँदा समेतका आधार र कारणबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

दित्तीयः अब क्षतिपूर्ति र अन्य तथ्यगत प्रश्नको सम्बन्धमा विचार गर्दा नेपालको संविधानको धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था भएको देखिन्छ। तदनुरुप नै नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ को उपधारा (३) मा खाद्य संप्रभुताको हक हुने उल्लेख भएकोमा सुनसरी जिल्लाको कोशीटप्पु वन्यजन्तु आरक्ष भित्रका बाघ, भालु, हात्ति र गैंडा लगायतले कोशीटप्पुका तारबार पार गरी बालि नालि नष्ट गरेको अवस्थामा क्षतिपूर्ति समेत नपाएको कारण सो हकमा आघात पुगेकोले हक प्रचलन गरी पाउन समेत सुनसरी जिल्लाको कोशीटप्पु वन्यजन्तु आरक्ष आसपासका कृषक समेत रहेका बाजुद्दिन मिया समेतले यस अदालतमा उचित क्षतिपूर्ति पाउन समेत Wo-०३३८ को रिट निवेदन दायर गरेकोमा यस अदालतबाट मिति २०६५।११।५ मा नेपाल सरकारको नाममा समिति बनाई समितिको प्रतिवेदनको आधारमा पीडित कृषकहरुले क्षतिपूर्ति पाउने व्यवस्था गर्न समेत निर्देशनात्मक आदेश जारी गरेको कुरा (ने.का.प. २०६६, अंक असोज, निर्णय नं. ८१६९) मा प्रतिपादित सिद्धान्तबाट देखिन्छ।

कृषि प्रधान देशमा वन्यजन्तुले कृषिमा आधारित नागरिकहरुको जुनसुकै किसिमले लगाएको खेती एवं बाली क्षति हुँदा उनिहरुको आर्थिक उपार्जनमा आघात भै नेपालको संविधानको धारा २५ प्रदत्त अधिकारमा आघात पुगी जीवन निर्वाहमा धक्का लाग्छ। नेपालको

ठाकुरप्रसाद सुवेदी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ १२

कुल जनसंख्याको करिब करिब ८० प्रतिशत जनता/नागरिक कृषिमा आधारित छन् भन्ने देखिन्छ । कृषिमा आधारित आयश्रोतमा निर्भर व्यक्तिको मुख्य आयश्रोत नै कृषि उपज हुने हुँदा त्यस्तो आयश्रोतमा वन्यजन्तुको कारण वा मानवीय कारण जस्ता अन्य कुनै कारणले क्षति पुग्न गएमा निवेदकले भने जस्तो कृषि पेशामा नै प्रतिकूल असर परी जमिन वाझो रहन सक्छ। यो कुरा बिपक्षी नेपाल सरकार लगायत सबैलाई पनि मनन् भएकै कुरा हो। यस अवस्थामा कृषिमा आधारित उत्पादनबाट आर्थिक लाभ लिन नसके सम्पत्तिको हक सम्वन्धी मौलिक हकमा आघात पुग्न सक्छ। वस्तुतः सम्पत्तिको हक अन्तर्गत प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, बेचबिखन गर्ने, व्यावसायीक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक पर्दछ। संविधान प्रदत्त मौलिक हकमा आघात पुग्नु राज्यको लागि शोभनीय होईन। मौलिक हक कानून बमोजिम प्रचलन हुनुपर्दछ।

यस अदालतको मिति २०७३।१०।२६ को आदेशले विपक्षी जनसंख्या तथा वातावरण मन्त्रालय समेतका विज्ञ कर्मचारी समूहले प्रस्तुत गरेको सुझाव प्रतिवेदनमा वादरले पुऱ्याएको क्षति वापत क्षतिपूर्ति दिने व्यवस्था गर्न मन्त्रालय तहमा छलफल भै रहेको उल्लेख भएको देखिन्छ। त्यसै गरी विपक्षी निकायले वन्यजन्तुबाट पीडित नागरिकलाई राहत दिन वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ जारी गरेको देखिन्छ। तर उल्लिखित निर्देशिकाको दफा २ र दफा ३ को खण्ड (छ) मा गरिएको व्यवस्था अनुसार वादरले पुऱ्याएको क्षति वापत कृषकले क्षतिपूर्ति पाउने व्यवस्था गरेको देखिदैन। वादर बाहेक हात्ति, गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तुले मानवीय क्षति अन्तर्गत सामान्य घाइते, सख्त घाइते, मृत्यु गराएमा, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यन्न वालीको क्षति भएमा राज्यले क्षतिपूर्ति दिने व्यवस्था गरेको देखिन्छ। यसरी उक्त राहत निर्देशिकामा हात्ति, गैंडा, बाघ, भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तु समावेश भै ती वन्यजन्तुले पुऱ्याएको क्षतिमा क्षतिपूर्ति दिने र त्यसतै प्रकृति र स्वभावको वन्यजन्तु वादरले क्षति पुऱ्याएमा क्षतिपूर्ति नदिने भन्दा समान अवस्थामा असमान व्यवहार हुने देखिन आयो।

त्यस आधारमा हेर्दा राज्य जनावर (Animal) को पनि Keeper हो। राज्य जनावरको Keeper को दायित्वबाट पछि हटन मिल्दैन। तसर्थ वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका, २०६९ मा बाँदरले कृषकलाई पुऱ्याएको हानि नोक्सानी बापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्न लागि विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय, वन तथा भूसंरक्षण मन्त्रालय र कृषि विकास मन्त्रालयको नाममा निर्देशात्मक आदेश जारी गरी दिएको देखिन्छ। प्रस्तुत आदेशको प्रमाणित प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत तत् तत् निकायलाई पठाई दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

का.मु. प्रधान न्यायाधीश

उक्त आदेशमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत २०७४ साल चैत्र महिना १९ गते रोज २ शुभम.................................

ठाकुरप्रसाद सुवेदी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत, पृष्ठ १४

# बांदर पिडित किसानहरुलाई सर्वोच्चद्धारा न्याय

२०७४ चैत्र २३ गते शुक्रबार

## प्रेस विज्ञाप्ति

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको कृषि बालीमा बादरले पुर्‍याएको क्षतिका कारण कृषकहरुको पेशा नै संकटमा परेको र यसले खाद्य सुरक्षामा प्रत्यक्ष प्रभाव पर्न गएको विषयलाई राष्ट्रिय कृषक समूह महासंघ नेपालले किसानको पक्षमा निरन्तर वकालत गर्दै आएको छ।

पर्यावरण चक्रमा हरेक प्राणीको विशेष महत्व हुन्छ। नेपालमा विभिन्न प्रजातीका वन्यजन्तुहरु रहेकोछ उक्त वन्यजन्तु मध्ये बादरका प्रजातीले किसानद्धारा लगाईएको कृषि बालीलाई क्षती [illegible] पेशामा लागी सोही स्थान वासस्थान बस्ने सम्पुण किसान र सो संग आश्रित परिवारलाई निरन्तर पिडा [illegible] व्यवस्थापनको लागि गाउं गाउं देखि किसानहरु संगठित हुदै मानिसको खाद्य सुरक्षाको खातीर बादर नियान्त्रणको माग सहित पैरवी शुरु गर्न पुगे। २०७१ साल पौष देखि राष्ट्रिय कृषक समूह महासंघ नेपालजिल्ला कार्य समिति कास्कीको अगुवाईमा जिल्ला स्थित सरोकारवालाको कार्यालयहरु जिल्ला कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला बन कार्यालय समक्ष बादर नियान्त्रणको लागि निवेदन मार्फत आग्रह गरिएको थियो। यसको सुनुवाई नभएपछि २०७२ साल चैत्र महिनामा खाद्य सुरक्षाको लागि बांदर नियान्त्रण नीति निर्माण र कार्यान्वयनको माग सहित सम्मानतीय प्रधानमन्त्री कार्यालयमा समेत निवेदन दिईएको थियो।

बांदर नियान्त्रण, क्षतिको क्षतिपूर्ति, खाद्य सुरक्षको प्रत्यभूती एव कृषक मैत्री कानुन निर्माणको लागि सम्वन्धित सरोकारवाला निकायहरुसंग पटक पटक गरिएको मागको सुनुबाई नभएपछि २०७३ आश्विनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि विकास मन्त्रालय, बन तथा भूसंरक्षण मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्कि, जिल्ला बन कार्यालय कास्कि, जिल्ला कृषि बिकास कार्यालय कास्कि र पश्चिमपांचल क्षेत्रिय प्रशासन कार्यालय पोखरा समेतकोलाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन मिति २०७३।०६।०९ गते दायर गर्न हामी बाध्य भयौं।

यसरी बांदरले बाली नोक्सान गरेको विषय मानिस र वन्यजन्तु बीचको सम्वन्ध र त्यस अन्तर्गत जंगली जीवजन्तुबाट किसानको बाली खाने र उनीहरुको जीवन र जीबिकाउपरमा नै आक्रमण [illegible] खाद्य सुरक्षा र खाद्य सम्प्रभुतामा समेत प्रतिकूल असर पार्न सक्ने सबैधानीक हकको रुपमा श्री सर्वोच्च अदालत बिपक्षिबाट [illegible] राय सहित एक महिना भित्र आवश्यक नीति र काननु बारे स्पष्ट दृष्टिकोण सहित लिखित जवाफ पेश गन आदेश दिएका साथै वन्यजन्तुबाट हुने आक्रमण र क्षतिको विषयमा के गर्न उपयुक्त हुन्छ भन्ने दृष्टिकोण सहितको प्रतिबेदन पेश गर्नकोलागि तिनमहिनाको समयवधि सहित कृषि मंत्रालय सहित बन तथा भूसंरक्षण मन्त्रालयको नाममा मिति २०७३ माघ २६ मा परमादेश जारी भएको थियो।

सोहि विषयमा मिति २०७४ चैत्र १९ गते का. मु. प्रधान न्यायधिश दिपक राज जोशि र माननिय न्यायधिश शारदा प्रसाद घिमिरे ज्यू को संयुक्त इजलासबाट बादरका कारणले हुने क्षतिको क्षतिपूर्ति भराउने सहितको कानुन निर्माण गर्न नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको छ। यस रिट निवेदनको तर्फबाट अधिवक्ता पदम बहादुर श्रेष्ठ र विष्णु कुमार थोकरले बहश गर्नु भएको थियो।

यसरी सम्मानित सर्वोच्च अदालतद्धारा किसानको पक्षमा भएको फैसलाबाट सिंगो राष्ट्रिय कृषक समूह महासंघ नेपाल र समग्र किसानहरु हर्षित भएका छौ। किसानको पक्षमा सम्मानित सर्वोच्च अदालतद्धारा भएको यस आदेशको कार्यान्वयनमा सम्बन्धित सबैको सहयोग रहने छ भन्ने हामीले अपेक्षा लिएका छौ। उत्पादक साना किसानको जीविकोपार्जन र खाद्य सुरक्षा जस्तो सम्बेदनशिल विषयका सवालहरुलाई महासंघले सदैव अगुवाई गर्ने प्रतिबद्धता व्यक्त गर्दछ।

धन्यवाद

उद्धव अधिकारी
अध्यक्ष
राष्ट्रिय कृषक समूह महासंघ नेपाल
राष्ट्रिय सचिवाल काठमाण्डौ

स.क.प.आ.नं. ३७४५३

जि.प्र.का.द.नं. ५७५/०६८/०६५
पान नं. ६०११८०२८८

# राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

## राष्ट्रिय कार्यसमिति

२०६८

पत्र संख्या:- २०७६|७७
चलानी नं.:- ७२

मिति २०७६।७।१४

श्रीमान सचिव ज्यू
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार काठमाण्डौं

**विषय : सम्मानित सर्वोच्च अदालतको आदेशको कार्यान्वियन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍दै आएको कृषिबालीमा बाँदरले पुऱ्याएको क्षतिका कारण कृषकहरुको पेशा नै संकटमा परेको र यसले खाद्य सुरक्षामा प्रत्यक्ष प्रभाव पर्न गएको विषयलाई राष्ट्रिय कृषक समूह महासंघ, नेपालले संस्थागत रुपमा किसानको पक्षमा २०७० साल देखि निरन्तर सरोकारवालाहरु समक्ष पैरवी गर्दै आएको ब्यहोरा यहांलाई स्मरण गराउंन चहान्छौ ।

किसानको प्रत्यक्ष सरोकार रहेको यस विषयलाई नीतिगत सम्बोधनको व्यवस्थाको लागि अनुरोध गर्दै महासंघले सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकोमा मिति २०७४ चैत्र १९ गते श्री सम्मानित सर्वोच्च अदालतबाट **वन्य जन्तुबाट हुने क्षतिको राहत निर्देशिका २०६९ को दफा २ र दफा ३ को खण्ड (छ) मा बांदरले कृषकलाई पुर्‍याएको हानी नोक्सानी वापत क्षतिपूर्ति पाउने ब्यवस्था थप गर्नका लागि तत्काललिन प्रधानमन्त्रीको कार्यालय तथा मन्त्री परिषदको कार्यालय, जनसंख्या तथा वातावरण मन्त्रालय, बन तथा भू-संरक्षण मन्त्रालय र कृषि विकास मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी भएको छ** । करिब २० महिना बितिसक्दा समेत यस आदेशका कार्यान्वयन नभएको विषयमा महासंघले २०७६ भाद्र २४ गते सम्बन्धित सरोकारवालाहरुको सहभागितामा छलफल कार्यक्रम मार्फत स्मरण समेत गराएको थियो । यसर्थ: सम्मानित अदालतको आदेश बमोजिम नीतिगत ब्यवस्था गरि कार्यान्वयनको लागि राष्ट्रिय कृषक समूह महासंघ, नेपाल समग्र नेपाली श्रमजीवी किसानको तर्फबाट अनुरोध गर्दछौ । महासंघले संस्थागत रुपमा गरेका कार्यक्रमहरुको दस्तावेजहरु यसै पत्र साथ संलग्न गरेका छौं ।

**संम्लग्नकागजातहरु**

१. सम्मानीत सर्वोच्च अदालतको फैसला-थान १
२. महासंघको पैरवी दस्तावेज -थान १
३. महासंघ द्वारा संचालित कार्यक्रमको प्रतिवेदन-थान २

**बोधार्थ:**

- सम्माननिय प्रधानमन्त्री ज्यु
  प्रधानमन्त्रीको कार्यालय तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार काठमाण्डौं
- माननिय मन्त्री, ज्यू
  वन तथा वातावरण मन्त्रालय, सिंहदरवार काठमाण्डौं
- माननिय मन्त्री ज्यु,
  कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, सिंहदरवार काठमाण्डौं

.....................
नवराज बस्नेत
(अध्यक्ष)

श्री मान् महानिर्देशक ज्यु

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालय,

काठमाण्डौ ।

विषय: मिति २०७४।१२।१९ गतेको सर्वोच्च अदालतबाट जारी भएको निर्देशात्मक आदेशमा वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका, २०६९ मा बादर थप गर्नु भन्ने आदेश भएकोले कार्यान्वयनको लागी सम्वन्धित पक्षहरुलाई बोलाई फैसला कार्यान्वयन गरी पाऊं ।

श्री सर्वोच्च अदालतबाट मिति २०७४।१२।१९ गते निम्न लिखित विपक्षीहरुको नाऊमा निम्न लिखित निर्देशात्मक आदेश समेत जारी भएको छ। जुन निम्न प्रकारणमा उल्लेख गरेको छ।

बादर बिगार गरेको क्षतिपूर्ति नदि भन्दा समान अवस्थमा असमान व्यवहार हुने देखियो । राज्य जनावरको पनि keeper हो । राज्य जनवारको पभभउभच को दायित्व बाट पछि हटन मिल्दैन । तसर्थ क्षतिको राहतकोष निर्देशिका २०६९ मा बादरले पुऱ्याएको हानी नोक्सानी बापत क्षतिपूर्ति पाउने व्यवस्था थप गर्न निर्देशात्मक आदेश जारी हुने ठहर्छ भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश समेत जारी भएको छ ।

उपरोक्त परमादेश तथा निर्देशात्मक आदेश समेत विपक्षीहरुको नाउमा जारी भएकोले यस कार्यालय मार्फत विपक्षी सम्वन्धित पक्षहरुलाई बोलाई फैसला कार्यान्वयनमा पहल गरी सर्वोच्च अदालतको गरिमा लाई उच्चो कायम गरी पाऊन विनम्र यो निवेदन गर्दछु ।

फैसला को प्रतिलिपी -
मिति: २०६४।१२।१५ गते

निवेदक

निज नवराज बस्नेत

राष्ट्रिय कृषक समूह महासंघ नेपाल

९७४५४०९६०

इति सम्वत २०७६ साल पुष २१ गते रोज २ शुभम ..........

सर्वोच्च अदालत
# फैसला कार्यान्वयन निर्देशनालय

बबरमहल, काठमाडौं
फोन नं : ०१-४२५९६०२
फोन नं : ०१-४२४८२५१
Web: www.supremecourt.gov.
Email: jed@supremecourt.gov.

०/C

प सं ०७६।०७७
च. नं ४३८

मिति २०७६/१०/२७

बिषय: आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार ,काठमाण्डौं ।
श्री वन तथा वातावरण मन्त्रालय सिंहदरवार ,काठमाण्डौं ।
श्री कृषि तथा पशुपंछी विकास मन्त्रालय सिंहदरवार ,काठमाण्डौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सिंहदरवार ,काठमाण्डौं ।

उपरोक्त सम्बन्धमा निवेदक ठाकुर प्रसाद सुवेदी विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको०७३-WO-०२५४ को परमादेश समेत मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७४/१२/१९ मा भएको आदेश कार्यान्वयनका सम्बन्धमा निवेदक राष्टिय कृषक समूह महासंघ नेपालका नवराज बस्नेतले यस निर्देशनालयमा मिति २०७६/०९/२२ मा निवेदन दर्ता गराएको हुदाँ प्रस्तुत पत्र लेखिदैछ।

अतः सम्मानित श्री सर्वोच्च अदालतबाट भएको उल्लेखित आदेशमा "**....वादर बाहेक हात्ति . गैंडा , बाघ ,भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तुले मानवीय क्षति अन्तर्गत सामान्य घाईते , सख्त घाइते, मृत्यु गराएमा,पशु धनको क्षति,भण्डारण गरेको अन्नको क्षति, घर गोठको क्षति र खाद्यान्न बालीको क्षति भएमा राज्यले क्षतिपुर्ति दिने व्यवस्था गरेको देखिन्छ ।यसरी उक्त राहत निर्देशिकामा हात्ति , गैंडा , बाघ ,भालु र चितुवा जस्ता ११ प्रकारका वन्यजन्तु समावेश भै ती वन्यजन्तुले पुर्‍याएको क्षतिमा क्षतिपुर्ति दिने र त्यस्तै प्रकृति र स्वभावको वन्यजन्तु वानरले क्षति पुर्‍याएमा क्षतिमा क्षतिपुर्ति नदिने भन्दा समान अवस्थामा असमान व्यवहार हुने देखिन आयो । त्यस धारमा हेर्दा राज्य जनावर (Animal) को पनि keeper हो । राज्य जनावरको Keeper को दायित्वबाट पछि हट्न मिल्दैन । तसर्थ वन्यजन्तुबाट हुने क्षतिको राहत कोष निर्देशिका ,२०६९ मा बादरले कृषकलाई पुर्याएको हानि नोक्सानी बापत क्षतिपुर्ति पाउने व्यवस्था थप गर्न लागि विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय , जनसंख्या तथा वातावरण मन्त्रालय , वन तथा भू-संरक्षण मन्त्रालय र कृषि तथा पशुपंछी विकास मन्त्रालय को नाममा निर्देशनात्मक आदेश जारी गरीदिएको देखिन्छ ।**" भन्ने आदेश भएको छ।

अतः सर्वोच्च अदालतबाट मिति २०७४/१२/१९ मा भएको आदेश कार्यान्वयन गरी गराई सो र जानकारी यस निर्देशनालयमा पठाइदिनुँ हुन निर्देशानुसार अनुरोध छ।

२०७६।१०।२७

पुष्पराज तिमल्सिना
शाखा अधिकृत
शाखा अधिकृत

उपरोक्त सम्बन्धमा निवेदक ठाकुर प्रसाद सुवेदी विपक्षी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको०७३-WO-०२५४ को परमादेश समेत मुद्दा0283

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

(कानून तथा फैसला कार्यान्वियन शाखा)

पत्रोत्तरमा पत्र संख्या र मिति उल्लेख हुन अपेक्षित छ।
सचिव : ४२११५६७
वातावरण : ४२११८९२
प्रशासन : ४२११९२८
योजना : ४२११९३६
अनुगमन : ४२११७४२
वैदेशिक : ४२११८६२
फ्याक्स : ४२११८६८

पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाडौं

पत्र संख्या : कानून ०७७/७८
चलानी नम्बर : २८

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

मिति २०७७।०६।१२

विषयः आदेश कार्यान्वय सम्वन्धमा ।

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल, काठमाण्डौं ।

उपर्युक्त विषयमा फैसला कार्यान्वयन निर्देशनालयको च.नं. ४३८ र मिति २०७६/१०/२७ गतेको पत्रको छाँयाप्रति पाना-१ र निवेदक ठाकुर प्रसाद सुवेदी विपक्षी श्री प्रधानमन्त्री तथा पन्त्रिपरिषद्को कार्यालय समेत भएको ०७३-WO-०२५४ को परमादेश समेत मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतको मिति २०७४/१२/१९ गतेको फैसलाको छाँयाप्रति पाना-१४ यसै पत्र साथ संलग्न राखि फैसला कार्यान्वयन गर्ने प्रयोजनको लागि तहाँ विभागमा पठाइएको व्यहोरा अनुरोध छ ।

रामजी दनाई
उपसचिव (कानून)
**उप-सचिव (कानून)**

## बन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०

**प्रस्तावना:** वन्यजन्तुबाट जनधनको क्षति भएमा राहत वितरण गर्ने प्रक्रियालाई सरल, सहज र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "गम्भीर घाइते" भन्नाले शरीर अङ्गभङ्ग भै अशक्त हुने गरी भएको घाइते सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० सम्झनु पर्छ ।

(ग) "सामान्य घाइते" भन्नाले शरीर अङ्गभङ्ग हुने बाहेक उपचार गर्नुपर्ने अन्य अवस्थाको घाइते सम्झनु पर्छ ।

३. **राहत उपलब्ध गराइने:** (१) वन्यजन्तुबाट देहायबमोजिमको क्षति भएको अवस्थामा सोबापत राहत उपलब्ध गराइनेछ:-

(क) वन्यजन्तु मानव बस्तीमा प्रवेश गरी गरेको आक्रमणबाट नेपाली नागरिकको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(ख) राष्ट्रिय निकुञ्ज वा आरक्ष बाहेक अन्य वन क्षेत्रमा विधिपूर्वक प्रवेश गर्दा वन्यजन्तुको आक्रमणमा परी नेपाली नागरिकको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(ग) राष्ट्रिय निकुञ्ज वा आरक्षमा सरकारी काममा खटिएका कर्मचारी, वन तथा वन्यजन्तुको संरक्षण र व्यवस्थापनको काममा अनुमति लिई खटिएका वन हेरालु तथा कामदार वा अनुमतिप्राप्त प्रकृति पथप्रदर्शकलाई वन्यजन्तुले आक्रमण गरी मृत्यु भएमा, गम्भीर घाइते भएमा वा सामान्य घाइते भएमा;

(घ) सरकारी काममा खटिएका कर्मचारीलाई राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रको कार्यालय वा चिडियाखानामा पालिएका, उद्धार गरिएका वा उपचारका लागि राखिएका वन्यजन्तुले क्षति पुऱ्याएमा;

१

(ङ) राष्ट्रिय निकुञ्ज वा आरक्षबाहेक अन्य क्षेत्रमा वन्यजन्तुको आक्रमणमा परी घरपालुवा पशुको मृत्यु भएमा;

(च) निजी जमिनमा खनिएको पोखरीमा पालन गरेको माछा तथा खोरमा पालिएका कुखुरालाई वन्यजन्तुले क्षति पुऱ्याएमा;

(छ) प्रयोगमा रहेको घर गोठमा वा घर गोठभित्र भण्डारण गरेको अन्नमा वन्यजन्तुले क्षति पुऱ्याएमा;

(ज) निजी जमिनमा लगाएको बालीमा वन्यजन्तुले क्षति पुऱ्याएमा ।

(२) उपदफा (१) बमोजिम भएको क्षतिको राहत उपलब्ध गराइने क्षेत्र अनुसूची-१ मा उल्लेख भएबमोजिम हुनेछ।

४. <u>राहत स्वरूप उपलब्ध गराइने रकमः</u> (१) दफा ३ को उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) बमोजिमको मानवीय क्षति भएमा देहायबमोजिम राहत उपलब्ध गराउनु पर्नेछः-

(क) सामान्य घाइतेको हकमा घाइतेको प्रकृति हेरी पेश गरिएको प्रमाण, कागजात र स्वास्थ्य संस्थाको सिफारिसमा बिलबमोजिम उपचार खर्च बढीमा बीस हजार रुपियाँसम्म;

(ख) गम्भीर घाइतेको हकमा घाइतेको प्रकृति हेरी पेश गरिएको प्रमाण, कागजात र प्रचलित कानूनबमोजिम सञ्चालनमा रहेका अस्पतालका चिकित्सकको सिफारिसमा औषधि उपचारमा लागेको बिलबमोजिम उपचार खर्च बढीमा दुई लाख रुपियाँसम्म;

तर, वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख रुपियाँभन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (इमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात् सरकारी अस्पतालमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च त्यस्तो अस्पतालको चिकित्सकको सिफारिसमा उपलब्ध गराइनेछ ।

(ग) अङ्गभङ्ग भई जीवनभर गम्भीर रूपले शारीरिक अशक्त हुने अवस्थाको व्यक्ति वा निजको हकवालालाई जिविकोपार्जनका लागि एकमुष्ट पाँच लाख रुपियाँ;

(घ) मृत्यु भएको व्यक्तिको हकमा नजिकको हकवालालाई राहत दश लाख रुपियाँ;

(ङ) गम्भीर घाइते भई उपचाररत रहेको व्यक्तिको अस्पतालबाट डिस्चार्ज भएपश्चात् सोही कारणले पैंतिस दिनभित्र मृत्यु भएमा वा अस्पतालमा निरन्तर थलिएर मृत्यु भएमा मृतकको नजिकको हकवालालाई उपचार खर्च तथा खण्ड (ख) र खण्ड (घ) बमोजिमको राहत रकम ।

(२) दफा ३ को उपदफा (१) को खण्ड (ङ) वा (च) बमोजिमको घरपालुवा पशु, कुखुरा वा माछाको क्षतिको राहत उपलब्ध गराउँदा देहायबमोजिमको रकम उपलब्ध गराउनु पर्नेछः-

(क) भैंसी वा राँगो वा गोरु, उन्नत जातको गाई, घरपालुवा चौंरी, घोडा, खच्चडको मृत्यु भएमा मूल्याङ्कनको आधारमा प्रति पशु साठी हजार रुपियाँसम्म,

(ख) खण्ड (क) मा उल्लेख भएका बाहेक अन्य पशुको मृत्यु भएमा पशुको प्रकार र मूल्याङ्कनको आधारमा प्रति पशु बढीमा दश हजार रुपियाँसम्म,

(ग) माछा वा कुखुराको क्षति भएमा मूल्याङ्कनको आधारमा वर्षको एकपटक बढीमा दश हजार रुपियाँसम्म।

(३) दफा ३ को उपदफा (१) को खण्ड (छ) वा (ज) बमोजिम घरगोठ, अन्न वा बालीमा भएको क्षतिको राहत उपलब्ध गराउँदा देहायबमोजिम उपलब्ध गराउनु पर्नेछः-

(क) घरगोठको क्षति भएमा मूल्याङ्कनको आधारमा बढीमा बिस हजार रुपियाँसम्म,

(ख) अन्नको क्षति भएमा मूल्याङ्कनको आधारमा बढीमा दश हजार रुपियाँसम्म,

(ग) बालीको क्षति भएमा मूल्याङ्कनको आधारमा एक मौसममा लगाएको बालीको एक पटक र वर्षमा दुई पटकमा नबढ्ने गरी बढीमा दश हजार रुपियाँसम्म।

(४) उपदफा (२) वा उपदफा (३) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी तवरबाट पशु वा बालीको बीमा गरेको अवस्थामा पशुको क्षति वा बालीको क्षतिको राहत उपलब्ध गराउँदा बीमाबाट प्राप्त रकम कटाएर मात्र उपलब्ध गराइनेछ ।

(५) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउँदा मानिसको मृत्यु भएको हकमा एक लाख रुपियाँसम्म र गम्भीर घाइते भएको हकमा पचास हजार रुपियाँसम्म पीडितलाई अग्रिम राहत उपलब्ध गराउन सकिनेछ ।

(६) उपदफा (५) बमोजिम अग्रिम राहत उपलब्ध गराइएकोमा उपदफा (१) बमोजिमको राहत उपलब्ध गराउँदा त्यसरी अग्रिम राहत उपलब्ध गराइएको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्नु पर्नेछ ।

५. <u>राहत माग गर्ने</u>: यस निर्देशिकाबमोजिम वन्यजन्तुबाट भएको क्षतिको राहत माग गर्ने व्यक्तिले नियमावलीको नियम ३६ज. बमोजिमको अवधिभित्र अनुसूची-२ बमोजिमका कागजात वा प्रमाण संलग्न गरी राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको हकमा राष्ट्रिय

३

निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्रको कार्यालयसमक्ष र अन्य क्षेत्रमा भए सम्बन्धित डिभिजन वन कार्यालयसमक्ष अनुसूची-३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

६. **राहत उपलब्ध गराउने प्रक्रिया:** (१) दफा ५ बमोजिम सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय वा डिभिजन वन कार्यालयमा परेको निवेदन सम्बन्धित कार्यालयले नियमावलीको नियम ३६ज. को उपनियम (२) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको निवेदनका आधारमा सो समितिले राहत उपलब्ध गराउने निर्णय गरेमा सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय वा डिभिजन वन कार्यालयले पीडित वा पीडितको नजिकको हकवालालाई बढिमा एक महिनाभित्र सम्भव भएसम्म बैङ्कमार्फत राहत रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) यस निर्देशिका बमोजिम राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालयले उपलब्ध गराउनु पर्ने राहत रकमसम्बन्धी विषय आफ्नो कार्यालयको वार्षिक कार्यक्रममा समावेश गरी विभागमा पठाउनु पर्नेछ र विभागले सम्बन्धित कार्यालयहरूबाट प्राप्त कार्यक्रमको आधारमा आवश्यक पर्ने एकमुष्ट रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) यस निर्देशिकाबमोजिम डिभिजन वन कार्यालयले राहत उपलब्ध गराउँदा प्रदेश वन निर्देशनालयमार्फत प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालयबाट रकम निकासा लिई उपलब्ध गराउनु पर्नेछ ।

(५) वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु वा गम्भीर घाइते भएको अवस्थामा घाइतेको तत्काल उपचार गर्न एम्बुलेन्स, अस्पतालको खर्च वा मृतकको काजकिरिया गर्ने प्रयोजनको लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, संरक्षण क्षेत्र व्यवस्थापन समिति, मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह र अन्य वन उपभोक्ता समूहले आवश्यक रकमको व्यवस्था गर्न सक्नेछन् ।

७. **विवरण उपलब्ध गराउने:** (१) दफा ६ बमोजिम राहत रकम वितरण गरिसकेपछि राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय वा डिभिजन वन कार्यालयले सोको विवरण मासिक रूपमा विभाग, प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालय, प्रदेश वन निर्देशनालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरण विभागले त्रैमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) वन्यजन्तुबाट भएको क्षति र राहत रकम वितरणको विवरणलाई मन्त्रालय, विभाग, प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालय, राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय र डिभिजन वन कार्यालयले वार्षिक प्रतिवेदनमा समावेश गरी वेबसाइटमा राख्नु पर्नेछ ।

८. **अनुगमन गर्ने:** (१) विभाग तथा प्रदेश वन निर्देशनालयले आफ्नो क्षेत्रभित्र वितरण भएको राहत पाउने व्यक्तिमध्ये कम्तीमा दश प्रतिशत व्यक्तिसँग प्रत्यक्ष रूपमा भेटी राहत पाए नपाएको सम्बन्धमा तथा राहत पाउने प्रक्रियाको सहजताको सम्बन्धमा अनुगमन गरी वार्षिक रूपमा मन्त्रालय तथा प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनमा उल्लिखित विवरण विभाग, प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालय र मन्त्रालयले आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गरी वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पीडितले राहत रकम पाए नपाएको सम्बन्धमा तथा राहत पाउने प्रक्रियाको सहजताको सम्बन्धमा मन्त्रालय र सम्बन्धित प्रदेशको वनसम्बन्धी विषय हेर्ने मन्त्रालयले समेत अनुगमनको व्यवस्था मिलाउन सक्नेछन्।

९. **राहत रकम र सहयोग:** (१) मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद्, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, संरक्षण क्षेत्र उपभोक्ता समिति, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह, संरक्षण क्षेत्र सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता समूह वा अन्य वन उपभोक्ता समूहले व्यवस्थापन योजना वा कार्ययोजना कार्यान्वयन गरी आर्जन गरेको आन्तरिक आम्दानी रकमको कम्तीमा पाँच प्रतिशत रकम वन्यजन्तुबाट हुने क्षतिको राहतको लागि छुट्याउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका समिति, परिषद् वा समूहले अनुसूची-२ मा उल्लेख नभएका वन्यजन्तुबाट भएको क्षतिको राहत रकम उपलब्ध गराउन सक्नेछ । यसरी राहत रकम उपलब्ध गराउँदा आफ्नै स्रोत वा अन्य स्रोतबाट प्राप्त भएको रकमबाट उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराएको राहतको विवरण सम्बन्धित राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय वा डिभिजन वन कार्यालय र स्थानीय तहमा त्रैमासिक रूपमा पेश गर्नु पर्नेछ ।

१०. **खारेजी र बचाउ:** (१) वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ खारेज गरिएको छ ।

(२) वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिकाबमोजिम भए गरेको मानिनेछ।

नेपाल सरकार ... तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ३ को उपदफा (२) र दफा ९ को उपदफा (२) सँग सम्बन्धित )

**वन्यजन्तुबाट भएको क्षतिको राहत वितरणका क्षेत्र**

| क.सं. | वन्यजन्तु | मानवीय क्षति | | | पशुधन क्षति | भण्डारण गरेको अन्न क्षति | घरगोठ क्षति | बाली क्षति | माछा क्षति | कुखुरा क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य घाइते | गम्भीर घाइते | मृत्यु | | | | | | |
| १. | हात्ती | पाउने | पाउने | पाउने | नपाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने |
| २. | गैंडा | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ३. | बाघ | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| ४. | भालु | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ५. | चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ६. | हिउँ चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ७. | ध्वाँसे चितुवा | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ८. | ब्वाँसो | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| ९. | जङ्गली कुकुर | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| १०. | जङ्गली बँदेल | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| ११. | अर्ना | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| १२. | मगर गोही | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने |
| १३. | गौरीगाई | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | नपाउने |
| १४. | अजिङ्गर | पाउने | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | नपाउने | पाउने |
| १५. | नीलगाई | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |
| १६. | बाँदर | पाउने | पाउने | पाउने | नपाउने | नपाउने | नपाउने | पाउने | नपाउने | नपाउने |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

**बन्यजन्तुबाट भएको क्षतिको राहत रकम प्राप्त गर्न पेश गर्नुपर्ने कागजात तथा प्रमाण**

| क्र.सं. | प्रमाण र प्रकृति | मानवीय क्षति | | | पशुधन क्षति | भण्डारण गरेको अन्न क्षति | घरगोठ क्षति | बाली क्षति | माछा क्षति | कुखुरा क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य घाइते | गम्भीर घाइते | मृत्यु | | | | | | |
| १ | सम्भव भएसम्म पीडित/मृतकको फोटो/घटनास्थलको फोटो | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| २ | अपाङ्गता/मृत्यु दर्ता प्रमाणपत्र | - | √ | √ | - | - | - | - | - | - |
| ३ | घटनास्थलको सर्जमिन मुचुल्का (नजिकको प्रहरी, वन वा राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालयअन्तर्गतको सेक्टर/सब डिभिजन/ रेञ्जपोष्ट /पोष्ट, मध्यवर्ती/संरक्षण क्षेत्र उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, गाउँपालिका/ नगरपालिकाका निर्वाचित प्रतिनिधिको रोहबरमा) | √ | √ | √ | √ | √ | √ | √ | √ | √ |
| ४ | स्वास्थ्य संस्थाको सिफारिस र औषधिको बिल (विदेशमा उपचार गराएको भए सरकारी अस्पतालको सिफारिस र प्रमाणित बिल संलग्न हुनु पर्ने) | √ | √ | - | - | - | - | - | - | - |
| ५ | पोष्टमार्टम रिपोर्ट | - | - | √ | - | - | - | - | - | - |
| ६ | प्रहरी प्रतिवेदन | - | - | √ | - | - | - | - | - | - |
| ७ | नाता प्रमाणित कागजात | - | √ | √ | - | - | - | - | - | - |
| ८ | पशु सेवा/कृषि सेवा/अन्य सम्पत्ति सम्बन्धी प्राविधिकको मूल्याङ्कन/सिफारिस | - | - | - | √ | √ | √ | √ | √ | √ |
| ९ | घर/जग्गाधनी प्रमाण पुर्जा | - | - | - | - | - | √ | √ | √ | √ |
| १० | पशुधन/बालीको बीमा गरेको भए बीमालेख नम्बर | - | - | - | √ | | | √ | - | - |

७

अनुसूची-३

(दफा ५ सँग सम्बन्धित)

**<u>बन्यजन्तुबाट भएको क्षतिको राहत माग गर्ने निवेदनको ढाँचा</u>**

श्री कार्यालय प्रमुखज्यू*

........................राष्ट्रिय निकुञ्ज/आरक्ष/संरक्षण क्षेत्र/डिभिजन वन कार्यालय

............................ ।

विषयः **<u>बन्यजन्तुबाट भएको क्षतिको राहत उपलब्ध गराई पाउँ</u>** ।

वन्यजन्तुबाट क्षति भएको राहत वितरण निर्देशिका, २०८० को अनुसूची-१ मा उल्लिखित वन्यजन्तुले तपसिल बमोजिमको क्षति गरेको हुँदा नियमानुसारको राहत उपलब्ध गराई पाउन देहाय बमोजिमका कागजात तथा प्रमाण यसैसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

| | | | |
|---|---|---|---|
| **निवेदकको नाम** | | | |
| **निबेदकको ठेगाना** | गा.पा./न.पा.: | वडा नं.: | टोलः |
| **क्षति पुऱ्याउने बन्यजन्तुः** | **घटना मितिः** | **क्षतिको किसिमः** सामान्य घाइते/गम्भीर घाइते/मृत्यु/पशुधन/भण्डारण गरेको अन्न/घरगोठ/बाली/माछा/कुखुरा | |
| राहत माग रकम (अङ्कमा): रु........................ | | अक्षरमा: | |
| बैङ्कको नाम: | | बैङ्क शाखा: | |
| बैङ्कको ठेगाना: | | खातावालाको नाम: | |
| खाता नं: | | सम्पर्क नं: | |

**पेश गरेको कागजात तथा प्रमाणहरूः**

| | | | |
|---|---|---|---|
| १ | पीडित/मृतक/स्थलगत फोटो | छ | छैन |
| २ | शारीरिक अशक्त/मृत्यु दर्ता प्रमाणपत्र | छ | छैन |
| ३ | घटनास्थलको सर्जमिन मुचुल्का | छ | छैन |
| ४ | स्वास्थ्य संस्थाको सिफारिस र औषधिको बिल | छ | छैन |
| ५ | पोष्टमार्टम रिपोर्ट | छ | छैन |
| ६ | प्रहरी प्रतिबेदन | छ | छैन |
| ७ | नाता प्रमाणित कागजात | छ | छैन |
| ८ | पशु सेवा/ कृषि सेवा/अन्य सम्पत्तिसम्बन्धी प्राविधिकको मूल्याङ्कन/सिफारिस | छ | छैन |
| ९ | घर/जग्गाधनी प्रमाण पुर्जा | छ | छैन |
| १० | पशुधन/बालीको बीमा गरेको भए बीमालेख नम्बर उल्लेख गरेको | छ | छैन |

पेश भएको निवेदन सत्य, साँचो हो । यस सम्बन्धमा कुनै व्यहोरा झुट्टा ठहरे कानूनबमोजिम सहुँला, बुझाउँला ।

निवेदकको हस्ताक्षर: ................................ मितिः ................